पत्रिका
समयमा नपुगेमा
मोबाइल नम्बर
९८१०२९०४७४ मा
सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
# टुडे एक्सप्रेस
राष्ट्रिय दैनिक
www.etodayexpress.com
इ-पेपर हेर्नका लागि

❑ वर्ष १७ ❑ अंक ६४ ❑ पृष्ठ ८ २०७८ चैत ०५ शनिबार ( 2022 MARCH 19 SATURDAY ) ❑ मुल्य रु ५।-

मतगणनास्थलमा सिसी क्यामेरा अनिवार्य ०३ | श्रीमानको कुटाइबाट श्रीमतीको मृत्यु ०५ | रघुगङ्गामा सामूहिक आलुखेती विस्तार ०७

## आज मिथिलामा होली



**टुडे एक्सप्रेस** / जनकपुरधाम

असत्यमाथि सत्यको जीत र आपसी भाइचारको पर्व होली यस वर्ष नेपालमा तीन दिन मनाईदैछ। विहिवार पहाडमा होली मनाइयो भने शुक्रवार मधेशका विभिन्न जिल्लामा होली मनाइएको छ र आज अर्थात शनिवार मिथिलामा होली मनाइदैछ। मिथिलामा फागुन शुक्ल चतुर्दशीका दिन मध्यरातमा राक्षसी प्रवृत्तिकी होलिकाको प्रतिमा दहन गरेर पूर्णिमाका दिन त्यसको धुरा (खरानीको धुलो) उडाइएपछि भोलिपल्ट होली पर्व मनाउने परम्परा छ। मैथिल जनजिब्रोले 'फगुवा' पनि भन्ने गरिएको होली पर्व गए राति होलिका दहन भएर शुक्रवार धुरा उडाइएसँगै अब शनिवार मनाउने तयारीमा सिङ्गै मिथिला क्षेत्र लागेको छ। पर्वको तयारी क्रममा मिथिला क्षेत्रका प्रत्येकजसो गाउँनगर बस्तीमा रङ अबिरको खरिद बिक्री बढेसँगै होली गीतका स्वर गुञ्जदै छन्। फागुन पूर्णिमाको भोलिपल्ट रङ अबिर खेल्दै मिष्ठान्न भोजन गरेपछि समापन गरिने होलीपर्व मिथिला क्षेत्रको आपसी प्रेम दर्शाउने मुख्य पर्व रहँदै आएको छ। यस पर्वको परम्परासँग कतिपय पौराणिक प्रसङ्ग गाँसिएका छन्। त्रेतायुगमा विवाहपश्चात फागुन शुक्लपक्षमा मिथिलाका विभिन्न क्षेत्रमा बिहार गर्दै कञ्चनवन पुगेर मिथिलाबिहारी (श्रीराम) र जनक नन्दिनी किशोरीजी (सीताजी) ले फागुन शुक्ल सप्तमीका दिन एकापसमा रङ अबिर खेलेर वसन्त उत्सव मनाउँदै पूर्णिमाका दिन जनकपुरधाममा स्वजनसहित फागु खेलेका सम्झनामा होलीपर्व शुरु भएको मानिने एउटा मत रहेको छ।

यद्यपि होलीपर्वको सन्दर्भ सत्ययुगमा दैत्यराज हिरण्यकशिपुले विष्णुभक्त आफ्ना छोरा प्रह्लादलाई मार्न आगोमा पोलिएर नमर्ने अभय वरदान पाएकी बहिनी होलिकाको काखमा राखेर अग्निकुण्डमा राख्दा अभय वरदान पाएकी होलिका भष्म भएकी र प्रह्लाद भने ध्यान मुद्रामा भगवान्को नाम जप्तै शान्त मुद्रामा रहेका विश्वाससँगै जोडिएको श्रीमद् भागवत कथा प्रसङ्गबाट नै राक्षसी प्रवृत्ति नास भएको खुशीयालीमा यो पर्व परम्परा शुरु भएको बताइन्छ। यसै सन्दर्भलाई मिथिलाको हकमा पर्वप्रति अपनत्व बढाउन मिथिलावासीले मिथिलापुत्री जानकीको सन्दर्भ जोडेर यो पर्वको ओज बढाएका बताइन्छ। फागु पर्वको बढ्दो रमझमसँगै मिथिलाका जिल्लाका बजारमा विभिन्न रङका अबिरको माग बढेको व्यापारीहरूको भनाइ छ। पर्वको भोजनमा मासुको प्रयोग आमरूपमा हुने भएकाले खसी बोका र कुखुरासँगै शाकाहारीले खाने मिष्ठान्न परिकारका सामानको जोहोमा सबैजसो परिवारको व्यस्तता बढेको छ। आपसी सद्भाव, राक्षसी (तामसी) प्रवृत्तिविरुद्ध सात्विक प्रवृत्तिको जित भएको प्रतीकका रूपमा मनाइने होली पर्व रङ, अबिरको पर्व मानिन्छ। सम्पूर्ण राग, द्वेष बिर्सेर एकअर्कालाई विजयको प्रतीक रातो अबिर लगाएर शुभकामना आदान-प्रदान गरिने परम्पराको यो पर्वमा मालपुवा, सेल रोटीसहितका मिष्ठान्न परिकार खाने, खुवाउने मिथिला परम्परा छ।

### विशिष्ट मिथिला होली गित

मिथिलामा फागुमा गाइने गीतमा ईश्वरप्रतिको भक्ति, स्थानीय चलन, सामाजिक र पारिवारिक सम्बन्धभित्रका हास्यपरक व्यङ्ग, युवायुवतीबीचको एकअर्काप्रतिको आकर्षण, शाब्दिक छेडखानी र संस्कृतिसँग सम्बन्धित भाव भेटिन्छन्। गीतकै माध्यमबाट रामसीताले वनविहार गर्दै रङ्ग छ्याछ्याप गरेका कथानक बुनिएका भावमात्र हैन, गीतमा नवयौवनालाई रङ खेल्न आउने चुनौतिपूर्ण निम्ता पनि हुन्छ। गीतमा हुने भरपूर मनोरञ्जनले नवयौवना 'होरैया' का अगाडि पर्न नसके पनि छिंडीमा लुकेर खिलखिलाउन भने छोड्दैनन्। फागु गीतमा रङ्ग, अबिरको महत्ता बाहिरी आङमा रङ देखिनुसम्म मात्र नभएर मन रङ्गिनुसँग हुन्छ। प्रशन्नता, उल्लास फागु गीतका अवयब नै हुन्। फागु गीतमा किशोरावस्था पार गरेसँगै युवापुस्तामा हुने/आउने प्रणय सम्बन्धको कल्पना, रुप यौवनको वर्णन र एकअर्कामा समाहित हुन गरिने अपिलका भाव हुन्छन्। गीतमै नवयौवनाको मनोदशा वर्णनका रोमाञ्चक भाव समेटिएका हुन्छन्। अनुराग, प्रेम र समर्पणको भाव फागु गीतमा अलि बढी नै उच्छालिएका हुन्छन्। मैथिल संस्कृतिमा अन्यबेला छिल्लिएको अर्थमा बुझिने प्रस्तुति पनि 'होरी' मा स्वीकार्य हुन्छ। मैथिली साहित्यकार राजेन्द्र विमलका अनुसार होरी मनका बन्धन फुकाएर रमाइने पर्व हो, त्यसैले होरी गीतमा शृङ्गार रसको प्रधानता हुन्छ।

### लोप हुदै जोगीरा

मिथिलामा खेलिने होलीमा महत्वपुर्ण र फरक मध्येमा होली खेल्दा विभिन्न बाजागाजाका साथ जोगिरा गाउँदै होली खेल्ने गरिन्छ। भगवान राम, सीता आदिको कथा गाउँदै जोगिरा गाउने गरेकाले मान्छेले जोगिरा गाएर समेत होली मनाउने गर्छन्। श्रीपञ्चमीदेखि होलीसम्म प्रत्येक दिन साँझ आ-आफ्नो दलानमा बसेर भजनकीर्तन गर्दै जोगिरा गाउने परम्परा थियो। तर त्यो जोगिरा संस्कृति भने लोप हुन थालेको छ। मैथिली संस्कृति विदहरूका अनुसार गाउँगाउँमा रहेको दलानको संस्कृति अन्त्य भएकाले पनि समस्या आएको छ। हुनत : यस परम्परालाई बचाउन पहल नगरिएको पनि होइन। जनकपुरधाममा पछिल्लो केही वर्षदेखि मिथिला नाट्यकला परिषद् (मिनाप) ले होलीको पूर्वसन्ध्यामा होली महोत्सव तथा महामुर्ख सम्मेलन कार्यक्रम आयोजन गरेर जोगिरा गाउने, होलीका गीत गाउने प्रतियोगिता नै सञ्चालन गर्दै आएको छ। विभिन्न गाउँबाट होलीका गीत गाउने टोलीलाई बोलाएर प्रतियोगिता गरेर पुरष्कृत गर्ने तथा सम्मानित गर्ने कामको शुरूवात गरेको छ। तर जोगीरा प्रति युवाहरूको मोहभंग भएको देखिएको छ। मिथिला नाटय कला परिषदले संचालन गर्दै आएको होली महोत्सवमा पनि अधिकांश ५० वर्षदेखि माथिकै उमेर समूहका मान्छे सहभागी भएको देखिनछ। युवा पुस्ता त्यसमा पनि देखिने गरिएको छैन।

मिथिलाका बस्तीबस्तीमा प्रत्येक रात झ्याली, मृदङ्ग र डम्फूको तालमा गुञ्जने 'होरी' गीतले प्रत्येकको मन रोमाञ्चित गराउने परम्परा अब विगत बनेको छ। श्रीपञ्चमीसँगै प्रत्येक बस्तीमा फागु गाउने 'होरैया' (फागु गीत गाउने) समूह देखिन छाडेका छन्। श्रीपञ्चमी सम्पन्न भएसँगै सुरु हुने 'होरैया' को फागुगीतले फागुपर्व लागेको सङ्केत दिने र मिथिलामा घरमा आउने अतिथिलाई रङ अबिरले स्वागत गर्नेक्रम सुरु हुने पुरानो परम्परा रहेको साहित्यकार विमलको भनाई छ। एकअर्कालाई लुकेर रङ छ्याप्नु र सम्बन्धबीचको ठट्टा परिहास स्थापित मैथिल संस्कृति नै हो। 'कोन तालमें डम्फू बाजे, कोन ताल मृदङ्ग ! कोन ताल गोरिया नाचे, कोन तालमें हम ?' (डम्फू कुन तालमा र मृदङ्ग कुन तालमा बज्छ ? अनि गोरी कुन ताल र म कुन तालमा नाच्ने ?)। डम्फू र मृदङ्गले चुनौती दिइरहेको हुन्छ र 'होरैया' को गीत भावले पनि। मन फुकाएर सामाजिकरुपमा ठट्टा गर्न मिल्ने स्वीकृति पाएका सम्बन्धबीच होरी गीतमा हुने यो ठट्टाभाव अन्य बेला सोच्न नसकिने पाका मैथिल बताउँछन्। वसन्त बिरुवाले पुराना पात झारेर नयाँ पालुवा फेर्ने मौसम हो र श्रीपञ्चमीदेखि यो ऋतु सुरु हुने मैथिल जनविश्वास छ।

### मैथिली पहिचानलाई वचाउने प्रयास

मिथिला क्षेत्रमा लोप हुदै गइरहेको जोगिरा लगायतका होलैया गायनलाई जिवन्त राख्न मिथिला नाट्यकला परिषद् (मिनाप)ले प्रत्येक वर्ष होरी महोत्सव मनाउदै आएको छ। होरीका अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणमा जोगीरा प्रतियोगिता र महामूर्ख सम्मेलन आयोजना गर्ने गरिन्छ। होरीका अवसरमा आयोजना हुने सो सम्मेलन देशैंभर प्रसिद्ध छ। मिथिला क्षेत्रको सांस्कृति अभियानमा अग्रणी भूमिका खेलेको मिथिला नाट्य कला परिषद् र मिनापले संयुक्त रुपमा सम्मेलन आयोजन गर्दै आएका छन्। मिनापले मिथिला क्षेत्रवाट उच्च तहको बौद्धिक काम गर्ने एक जनालाई हरेक वर्ष छनोट गरेर महामूर्खसहित विभिन्न व्याङ्गात्मक पदवीबाट सामाजिक सम्मान गर्ने चलन छ। यो मिथिला क्षेत्रमा चर्चित छन्। विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तिलाई हरेक वर्ष छनोट गरेर यो पदवीबाट सामाजिक सम्मान दिने चलन छ। आपसी भाइचाराका रुपमा लिइएको होरी पर्वलाई जनकपुरधाममा हिन्दूसँगै मुस्लिम युवाले पनिसँगै मिलेर होरी मनाएर आपसी सौहार्दताको परिचय दिँदै आएका छन्। मिथिलामा वसन्त पञ्चमीको आगमनसँगै होरी गीत गाउन सुरु गरिन्छ। अहिले आएर ग्रामीण इलाकामा फागु गीत गाउनेमा कमी हुन थालेको जनाइएको छ। फागुपूर्णिमाको पूर्वसन्ध्यामा आयोजना हुने दुई दिने होरी महोत्सवको पहिलो दिन फागु गीत प्रतियोगिता तथा दोस्रो दिन महामूर्ख सम्मेलनको आयोजन गरिन्छ। मिनापका महासचिव शैलेन्द्र मल्लिकले मैथिली भाषा, साहित्य, कला, संस्कृति तथा लोकगीतको संरक्षण गर्न होली महोत्सव आयोजना गरिएको जानकारी दिए। फागु गीत प्रतियोगितामा धनुषा,महोत्तरी, सिरहा, सप्तरी र सर्लाहीका ग्रामीण समूह सहभागी भएका छन। महोत्सवको दोस्रो दिन आयोजन हुने महामूर्ख सम्मेलनमा समाजका अगुवा व्यक्तित्वलाई विशेष मानपदवी प्रदान गर्ने चलन छ। यस अन्तर्गत महामूर्ख तथा अन्य उपाधिकर्तालाई मिथिलामा उत्पादन गरिएका तरकारीको माला लगाउने प्रचलन छ। महामूर्ख सम्मेलन नेपालको विभिन्न स्थानमा हुँदै आए पनि जनकपुरधाममा आयोजना गरिने सम्मेलनले निकै उचाइ पाएको छ। मैथिली साहित्य परिषद् वीरगञ्जले २०५० सालमा पहिलोपटक यो सम्मेलनको आयोजना गरेको थियो। पहिलो पटकको महामूर्ख लाला माधवेन्द्र भएका थिए। जनकपुरधाममा २०६१ सालबाट महामूर्ख सम्मेलन हुँदै आएको छ।

सो वर्ष महामूर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, २०६२ सालमा शीतल झा, २०६३ मा हरिबहादुर विसी, २०६४मा ओमकुमार झा, २०६५ मा डा राजेन्द्र बिमल, २०६६ मा रामचन्द्र झा, २०६७ मा सिकेलाल, २०६८ मा रामभरोष कापड़ि भ्रमर, २०६९मा रामसरोज यादव, २०७० मा डा विजयकुमार सिंह, २०७१ मा शत्रुधन महतो र २०७२ मा पवन सिङ्घानियालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो। विसं २०७३ मा सप्तरीको मलेठमा भएको घटनाका कारण अन्तिम समयमा कार्यक्रम स्थगित गरिएको थियो। २०७४ मा वृषेशचन्द्रलाल , २०७५ मा लालकिशोर साह, २०७६ मा लालबाबु राउत र २०७७ मा मदनकृष्ण श्रेष्ठ र हरिवंश अचार्यलाई महामूर्खको उपाधि प्रदान गरिएको थियो।

होली आपसी प्रेम दर्शाउने रमाइलो पर्व भए पनि केही वर्षयता पर्वका नाममा उच्छ्रृङ्खलता र विकृति बढेकोतर्फ जिल्लाका वुद्धिजीवीले चिन्ता व्यक्त गरेका छन्। अमर्यादित ढङ्गले रङका नाममा कालो पोतो दल्ने, अनिच्छुकलाई जबर्जस्ती रङ छ्याप्ने र मादक पदार्थ सेवन गरेर होहल्ला गर्ने बढ्दो विकृतिलाई नियन्त्रण गरिन आवश्यक रहेको पत्रकार महासंघकि अध्यक्ष मोनीका झाको भनाई रहेको छ।

## मिथिला मध्यमा परिक्रमा जनकपुरधामको अन्तरगृह परिक्रमा गरी सम्पन्न



**टुडे एक्सप्रेस** / जनकपुरधाम

मधेशको महाकुम्भ मानिने १५ दिने मिथिला माध्यमिकी परिक्रमा शुक्रबार सम्पन्न भएको छ। शुक्रबार बिहान जनकपुरधामको अन्तरगृह परिक्रमा गरी १५ दिने पद यात्रा मिथिला मध्यमा परिक्रमा सम्पन्न भएको हो।मध्यमा तथा अन्तगृहम परिक्रममा यसवर्ष पनि लाखौ श्रद्धालुह सहभागि भएका छन्। अन्तरगृहम परिक्रममा तिर्थालु तथा श्रद्धालुको झनै भीड लागेको थियो।

परिक्रमा गर्दा विभिन्न प्रकारका रोग, दुःख, कष्ट कलेशबाट मुक्ति एवंम नोवाञ्छित फल प्राप्त हुने धार्मिक जनविश्वास रहि आएको छ। परिक्रमा सकिएपछि यसमा सहभागि भएका लाखौ श्रद्धालुहरू आ आफ्ना गन्तव्य तर्फ लागेका छन्।फागुन औसींका दिन कचुरी मिथिलाबिहारी नगरपालिका स्थित मिथिलाविहारी मन्दिरबाट परिक्रमा सुरु भएको थियो। मिथिला बिहारी (रामजानकी) को डोला जनकपुर ल्याएपछि विभिन्न मठमन्दिरका डोला समाहित भएर परिक्रमा प्रारम्भ हुने गर्दछ। फागु पूर्णिमा आर्थात अजकै दिन जनकपुरको अन्तर गृह परिक्रमा गरी सम्पन्न हुने गर्दछ।परिक्रममा यस वर्ष पनि लाखौं संख्यामा श्रद्धालुभक्तजनहरू सहभागि भएका छन्। रामजानकीको डोलासँगै परिक्रमा गर्दा विभिन्न प्रकारका रोग, दुःख, कष्ट कलेशबाट मुक्ति एवंम नोवाञ्छित फल प्राप्त हुने धार्मिक जनविश्वास रहिआएको छ। परिक्रमा धनुषा, महोत्तरीका दर्जनौ धार्मिक ऐतिहासिक ठाँउहरूको ९० किलो मिटर र छिमेकी मुलुक भारतको ३० किलो मिटर गरि जम्मा १ सय २० किलो मिटर भु-भागको यात्रा गरिन्छ।वृहत्त, मध्य र अन्तरगृह गरि तिन प्रकारको परिक्रमा गरिन्छ। तर विभिन्न समस्याका कारण वर्तमान समयमा मध्य परिक्रमामा रुचि राख्नेहरूको संख्या अहिले पनि उल्लेखनिय रहेको छ। परिक्रममा रामजानकीको डोलासंगै परम्परागत बाजाँगाजा सहितका मौलिक पहिरनमा लाखौ नरनारीहरू सहभागिता हुने गर्छन्। लावा लस्कर सहितका मिथिलाको चारै स्थानमा रहेका धार्मिक स्थलहरूको परिक्रमा गर्ने गर्दछ।१५ दिने परिक्रममा अन्तर्गत क्रमश जनकपुरको हनुमान नगर, विहारको कलना स्थित कल्यानेश्वर,भारतकै फुलहर स्थित गिरिजा स्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, धुव्रकुण्ड, कञ्चनवन,पर्वता, धनुषाधाम, सतोखर, औरही, करुण (भारत),विसौल (भारत) र यात्राको अन्तिम दिन अर्थात १५ औ दिन जनकपुरको अन्तरगृहपरिक्रम गरि मध्य परिक्रमा सम्पन्न हुने गर्दछ। पन्ध्र दिने मिथिला माध्यमिकी परिक्रममा सहभागि नहुने अधिकांश श्रद्धालु भक्तजनहरू अन्तिम दिन जनकपुरको अन्तरगृह परिक्रममा सहभागि हुने गर्दछन्। यस परिक्रममा युवायुवतीहरूको संख्या पनि उल्लेखनीय रहन्छ।

नेपालको धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरी लगायत भारत बिहारको सितामढी, मधुबनी, दरभंगा सहितका स्थानबाट हजारौहजार श्रद्धालुभक्तजन तथा साधुसन्तहरू परिक्रममा सहभागि हुने गर्दछन्।

परिक्रममा प्रायः जसो वृद्धवृद्धाहरूको बढी सहभागिता हुन्छ।टायर गाडा ,साईकल र टाउकोमा बन्दोबस्तीको समान लिएर प्रत्येक दिन स्थान परिवर्तन गरि बास बस्नु, भूंइ खनेर चूल्हो निर्मण गर्नु, खाना पकाउनु , भजन किर्त्तन लगायतका कार्यहरू गर्नु परिक्रमावासीहरूको आस्था हो। पक्रिमाको क्रममा रात्रि विश्राम गर्नै पान्ध्रौ स्थलहरूमा स्थानीयहरूले मेलाको आयोजन गर्ने गर्दछन्। त्यस्तै परिक्रमामा सहभागी श्रद्धालुभक्तजनहरूलाई स्वागत गर्न दुई दिन अघिदेखि नै जुट्ने गर्दछन्। स्थानीयहरूले सांकृति कार्यक्रमहरूसमेत अयोजन गर्ने गर्दछन् भने पुण्य कमाउन एवं सेवा दिन विभिन्न संघ संस्था एवं व्यक्तिहरूले निःशुल्क भोजन , स्वास्थ्य शिवीर र आवासको व्यवस्था गर्ने गर्दछन्।नेपाल र भारतको सामाजिक सदभावको सेतुको रुपमा रहेको यो परिक्रमा धार्मिक, ऐतिहासिक र पूरातात्विक महत्तवको परिचय दिने गर्छ। तर, तीनै तहको सरकारले यसको व्यवस्थापनमा खासै ध्यान दिएको छैन।

## होली पर्वको शुभकामना




असत्यमाथि सत्यको जीत र आपसी भाइचाराको पर्व होली महापर्वको सम्पुर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

साथै होली पर्वका कारण चैत ६ र ७ गते पत्रिका वन्द रहने समेत जानकारि गराउन चाहन्छौ।

कार्यकारी सम्पादक
एवम
टुडे एक्सप्रेस दैनिक परिवार

# मधेसमा ३५ जातको थर पहिचान हुन बाँकी




**टुडे एक्सप्रेस** / जनकपुरधाम

सरकारी तथ्यांकअनुसार देशभरि १ सय २५ जातजाति छन्। मधेसी आयोगको अध्ययनले भने तराई-मधेसमा मात्र १ सय २१ जात फेला पारेको छ। तीमध्ये ३५ जातको भने थर पहिचान हुन नसकेको आयोगले जनाएको छ।

'मधेसी समुदायमा जातका आधारमा थर हुन्छ। यसअघि ८२ वटामात्र जात सूचीकरण भएको थियो,' आयोगका अध्यक्ष विजयकुमार दत्तले भने।आयोगले प्रदेश-१, मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका १९ जिल्लामा रहेका मधेसी समुदायको अध्ययन गरेको हो। 'नेपालमा मधेसी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०७८' सरकारलाई चाँडै बुझाउने आयोगले जनाएको छ। आयोगका विज्ञ तथा अनुसन्धानकर्ता दीपककुमार गुप्ताका अनुसार प्रतिवेदनमा वर्णानुक्रमअनुसार प्रत्येक जातको अवस्थाबारे चर्चा गरिएको छ। 'तराईमा जात प्रमुख छ, थरले चिनिँदैन तसर्थ जात र थर दुवै लिएका छौं,' गुप्ताले भने, 'प्रत्येक जातको जातीय पहिचानसहित आर्थिक, सामाजिक, राजनीतिक पक्ष समेटिएको छ।'आयोगले पहिचान गरेका कतिपय जात र थर आदिवासी जनजाति, थारू, दलित, मुस्लिम समुदायसँग दोहोरिएका छन्। जनजातिअन्तर्गतका १४ मध्ये ९ वटा मधेसी र दलितका २६ मध्ये १९ वटालाई मधेसीमा राखिएका अध्यक्ष दत्तले बताए। 'समुदायले आफूलाई मधेसी-जनजाति, मधेसी-दलित, मधेसी-थारू, मधेसी-मुस्लिम भनेर उल्लेख गराउन भनेका छन्,' उनले भने, 'कतिपयलाई सम्बन्धित आयोग र समुदायसँग बसेर दोहोरिन नदिन पहल गर्नेछौं।'

यस विषयमा केन्द्रीय तथ्यांक विभाग र जातीय संगठनका अगुवाहरूसँग समेत समन्वय गर्ने उनले जनाए।आयोगले गरेको सामाजिक सर्वेक्षणले कोभिड-१९ महामारीपछि 'मध्यम वर्ग' थपिएको निष्कर्ष निकालेको छ। यसअघि अति विपन्न, विपन्न, सम्पन्न र सुसम्पन्न वर्ग रहेकामा महामारीले मध्यम वर्ग जन्माएको आयोगका अध्यक्ष दत्तले बताए। मधेसमा समाज रूपान्तरणका निम्ति सशक्तीकरण र जनचेतनाको अभाव खड्किएको आयोगले जनाएको छ। 'विपन्न वर्गका कुनै पनि व्यक्तिको पहुँच स्थानीय पालिकादेखि प्रशासनसम्ममा पुग्न सकेको छैन,' अध्यक्ष दत्तले भने, 'वडा कार्यालय, प्रहरी चौकी, सीडीओ (जिल्ला प्रशासन) कार्यालय एक्लै जान सक्दैनन्, बोल्दिने साथी चाहिन्छ।'राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार कुल जनसंख्याको ५३.६६ प्रतिशत तराईमा छ। महिला, बालबालिका, दलित तथा विपन्न वर्ग सबैभन्दा उत्पीडनमा परेको आयोगको प्रतिवेदनमा उल्लेख छ। आयोगले आरक्षणलाई जातका आधारमा नभई वर्गका आधारमा व्यवस्था गर्नुपर्ने औंल्याएको छ।

'आरक्षण प्रक्रिया गम्भीर संकटमा छ,' जात या समुदायका आधारमा आरक्षण लागू गर्दा धनाढ्यहरूले फाइदा लिए,' अध्यक्ष दत्तले भने। आयोगले नेपाल-भारत सीमामा उत्पन्न तनावले मधेसी समुदायको जनजीवनमा पारेको प्रभावको पनि अध्ययन गरेको छ। दुई देशबीचको विवादलाई समाधान गर्न 'वैज्ञानिक सीमा व्यवस्थापन जरुरी रहेको' प्रतिवेदनमा उल्लेख छ।

# दुई करोड ८५ लाखको सामान बरामद



**टुडे एक्सप्रेस** / वीरगञ्ज

पर्साबाट सशस्त्र प्रहरीको टोलीले विनाभन्सार नेपाल भित्र्याइएको रु दुई करोड ८५ लाख बराबरको सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल, नेपाल नं १३ गणका अनुसार बरामद गरिएको सामग्रीमा कपडा, इलेक्ट्रोनिक सामान, हार्डवेयर, मोटर पार्टस, खाद्यपदार्थ र किराना पसलका सामान छन्। विभिन्न समयमा बरामद गरिएका ती सामग्री वीरगञ्ज भन्सार कार्यालय र बारास्थित राजस्व अनुसन्धान कार्यालयको जिम्मा लगाइएको छ। गत माघमा रु ६२ लाख, फागुनमा रु एक करोड १४ लाख र चैतको हालसम्ममा रु एक करोड आठ लाखको सामान बरामद गरिएको हो। बरामद गरिएका अधिकांश सामान अवैधरुपमा भन्सार छली नेपाल ल्याइएको रहेको सशस्त्र प्रहरी बल, नेपाल नं १३ गणले जनाएको छ। सशस्त्र प्रहरीले पछिल्लो पटक चोरी, निकासी तथा तस्करी नियन्त्रणको अभियान सञ्चालन गर्दै आएको छ।

पर्सामा ६५ किलो गाँजा बरामद

पर्साको ठोरीस्थित ओरियाखोला नजिकबाट सशस्त्र प्रहरीले ६५ किलो गाँजा बरामद गरेको छ। बरामद गरिएको गाँजा जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाइएको छ।राष्ट्रिय निकुञ्जको गोरेटो बाटो हुँदै ओरियाखोलातर्फ आउँदै गरेको पाँच-६ जनाको समूहले ल्याउँदै गरेको गाँजा बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ। तस्करीमा संलग्न समूहका सबै जना गाँजा छाडेर भागेका सशस्त्र प्रहरीले जनाएको छ। रासस

# होलीमा सुरक्षा व्यवस्था कडा,ड्रोनबाट निगरानी गरिंदै



**टुडे एक्सप्रेस** / राजविराज

सप्तरी प्रहरीले होलीमा सम्भावित उच्छृङ्खल गतिविधि नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडा गरेको छ।

जिल्लामा होलीलाई व्यवस्थित, मर्यादित र कुनै अप्रिय घटना हुन नदिनलागि सुरक्षा व्यवस्था कडा गरेको हो।

जसका लागि जिल्लाभर ५ सयभन्दा बढी प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले बताए।उनकाअनुसार बजार एरियाका गतिविधी अनुगमन गर्न ड्रोनबाट समेत निगरानी भइरहेको छ।

उनले मर्यादित रुपमा होली पर्व मनाउन सबैमा आग्रह समेत गरेका हुन्।

# प्रभु साह विवादमा तानिए




**टुडे एक्सप्रेस** / गौर

गाडी दुर्घटनाको विषयमा नेता प्रभु साहको नाम जोडेर बदनाम गर्न खोजिएको भन्दै नेकपा एमाले रौतहटले आपत्ति जनाएको छ।

गठबन्धन सरकारले एमाले पार्टी पंक्ति र नेता प्रभु साहलाई बदनाम गर्न स्थानीय प्रशासनको दुरुपयोग गरेको भन्दै शुक्रबार जिल्ला अध्यक्ष त्रिभुवन साह 'अमर'ले प्रेस विज्ञप्ति निकालेर अनिश्चितकालीन जिल्ला बन्द गर्ने चेतावनी दिएका छन्।उनले स्थानीय प्रशासनले षडयन्त्र गरेको भन्दै छानबिन गरी कारवाही गर्न गृहमन्त्रालयलगायत माथिल्लो निकायको ध्यानाकर्षण गराएका छन्। गाडी दुर्घटनाको विषयमा एमाले स्थायी कमिटी सदस्य प्रभु साहको नाम जोडेर सीडीओ र एसपीलगायतका प्रशासनले बदनाम गरिरहेको अध्यक्ष साहको भनाइ छ।दुर्घटना बेलाका चालक चालक समातिँदा समेत दोषी चालकलाई छाडेर प्रभु साहको नाम जोडेर अनरगल प्रचार गरेको अध्यक्ष साहको विज्ञप्तिमा उल्लेख छ। 'केही दिन अगाडि नेकपा एमालेबाट निर्वाचित उपमेयर र वडाध्यक्षलाई अपशब्द बोल्दा सिडियोले माफि मागेको, अनावश्यक रुपमा साहका स्वकीय विजय यादवलाई फसाउन खोज्दा डीएसपीले माफी माग्नुपरेको घटना जीवितै रहँदा गठबन्धनको इसारामा सिंगो एमाले पङ्क्तिमाथि आ- क्रमण सुरू गरेकोले रौतहट बन्द सहित संघर्षको कार्यक्रम अगाडि बढाउँनै छौं', अध्यक्ष साहले बताएका छन्।'सवारी चालकले गुडाइरहेको गाडीबाट दुर्घटना भएको, चालक घटनास्थलबाटैं तत्काल प्रहरीद्वारा समातिएको विषय जगजाहेर हुँदा समेत कांग्रेस गठबन्धनको इशारामा जिप्रका र जि. प्रहरी कार्यालयको प्रमुखसमेत संलग्न रही यसरी लठैत शेलीमा हाम्रा पार्टीका स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री क. प्रभु साहलाई बदनाम गर्ने गराउने अभिप्रायले प्रेरित भइ गरिएको षड्यन्त्रप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। दुर्घटनाको गहन अनुसन्धान गरी सत्यतथ्य पता लगाएर पीडितलाई उचित क्षतिपूर्तिसहित न्याय दिलाउनको सट्टा स्थानीय प्रशासनले प्रभु साहको भाइको गाडीबाट मान्छे मा- रिएको भनी मान-हानी गर्ने बदनियतपूर्ण कार्यको घोर भर्त्सना गर्दछौं ', एमालेको विज्ञप्तिमा उल्लेख छ।

# पेस्तोल र गोलीसहित एक जना पक्राउ



**टुडे एक्सप्रेस** / सिरहा

धनगढी नगरपालिका-११ आँप चोकबाट एक थान ईटालियन पेस्तोलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सोही ठाउँ बस्ने ४२ वर्षीय ब्रमदेव यादव रहेका छन्। उनलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको हो।प्रहरीले उनको साथबाट सोही पेस्तोलमा लाग्ने ५ राउण्ड गोली र १ थान म्यागिजन समेत बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय धनगढी सिरहाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा यादवको साथबाट उक्त हतियार फेला पारी पक्राउ गरेको हो।



**ई. बिबेक**
प्रसिद्ध ज्योतिषाचार्य

## आजको राशिफल

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन र माउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईने छ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्ने छ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खराबी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आजको समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# मतगणनास्थलमा सिसी क्यामेरा अनिवार्य



**टुडे एक्सप्रेस** / झापा

प्रमुख जिल्ला अधिकारी छविराज रिजालले सरकारी कार्यालयका गाडीहरूलाई मर्मतसम्भार गरेर तयारी अवस्थामा राख्न निर्देशन दिनुभएको छ।स्थानीय तहको आगामी वैशाख ३० गते हुने निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने भएका कारण सरकारी सवारीसाधन तयारी हालतमा राखिनुपर्ने उहाँले बताउनुभयो। जिल्लाका १५ वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत सहभागी रहेको बिहीबार जिल्ला प्रशासन कार्यालयमा आयोजित सरकारी कार्यालयका प्रमुखको बैठकमा प्रजिअ रिजालले त्यस्तो निर्देशन दिनुभएको हो। “निर्वाचनमा सवारीसाधनको प्रयोग गर्नुपर्ने हुन्छ”, उहाँले भन्नुभयो, “चाहिएका बेला गाडी बिग्रिएको छ भनेर असहयोग गर्ने छुट कसैलाई छैन।

सबै गाडीहरू मर्मतसम्भार गरेर तयारी अवस्थामा राख्नुहोस्। ”उहाँले सबै सरकारी कार्यालयमा रहेका सवारीसाधनको लगत र कर्मचारीको विवरण दुरुस्त अवस्थामा राख्न जिल्लास्थित निर्वाचन कार्यालयलाई निर्देशन दिनुभयो। चुनावको तयारीका क्रममा कर्मचारी र सुरक्षाकर्मीहरूलाई मतदानस्थलसम्म पुऱ्याउन धेरै सवारीसाधन आवश्यक पर्ने उहाँले बताउनुभयो। हाल जिल्लास्थित विषयगत सरकारी कार्यालय र १५ वटा स्थानीय पालिकासँग सयौँको सङ्ख्यामा सवारीसाधन रहेका छन्। अस्वथ, पाका उमेर र चुनावअघि अवकाश पाउने कर्मचारीलाई चुनावमा नखटाउनसमेत उहाँले कार्यालय प्रमुखहरूलाई आग्रह गर्नुभयो। प्रमुख जिल्ला अधिकारी रिजालले हरेक पालिकाको मतगणनास्थलमा सिसी क्यामेराको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतहरूलाई निर्देशन दिनुभएको छ। उहाँले हरेक पालिकामा आवश्यकता हेरी दुई वा तीनवटा स्थलमा मतगणना गरिने र ती स्थानको छनोट गर्न पालिकाहरूलाई आग्रह गरेका छन्।“सबै मतगणनास्थलमा अनिवार्यरूपमा सिसी क्यामेरा राख्ने व्यवस्था गर्नुहोला”, उहाँले भन्नुभयो, “त्यसो भयो भने निर्वाचनको मतगणना पारदर्शी हुन्छ, हुलहुज्जत हुने सम्भावना रहँदैन।” जिल्लामा मतदाताको सङ्ख्या छ लाख ५० हजार २५८ छ भने २८६ मतदानस्थल र ७६० मतदान केन्द्र छन्। जिल्लामा १५ पालिका र १३१ वडा छन्।रासस

# फाइचौरमा स्थायी प्रहरी चौकी स्थापना



**टुडे एक्सप्रेस** / खलङ्गा

जुम्लाको सिञ्जा गाउँपालिका-५ फाइचौरमा स्थायी प्रहरी चौकी स्थापना भएको छ। भौगोलिकरूपमा निकै निकट मानिएको सो क्षेत्रका स्थानीयवासीले प्रहरी चौकीको माग गर्दै आएका थिए। स्थानीयवासीको मागअनुसार प्रहरी चौकीको स्थापना गरेको प्रमुख जिल्ला अधिकारी विजया प्रसाईंले जानकारी दिनुभयो।

समाजका विकृति विसङ्गतिको अन्त्य गर्न प्रहरीको महत्वपूर्ण भूमिका हुने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक नरेन्द्र चन्दले बताउनुभयो।

प्रहरी हवल्दार नरिमा कठायतको कमाण्डमा पाँच प्रहरी चौकीमा राखिएको छ। भौगोलिकरूपमा निकै विकट भएकाले सिञ्जा गाउँपालिकाको-५ र ६ मा घरेलु हिंसा, दुर्व्यवहार, कुटपिट, बहुविवाह र चोरीका घटना हुने गरेको बताइएको छ। वडाध्यक्ष मुनबहादुर रावतले भन्नुभयो, “पहिलेदेखि प्रहरी चौकीको माग गरिएको थियो। अहिले आएर चौकी स्थापना भयो। यहीँका स्थानीयवासीमा राम्रो सन्देश गएको छ।”सिञ्जा-५ र ६ वडामा पाँच गाउँ छन्। कुनै घटना हुँदा पहिले तीन घण्टा हिँडेर नराकोट प्रहरीचौकीमा जानुपर्ने बाध्यता थियो। प्रहरीचौकी स्थापनाले स्थानीयवासी उत्साहित छन्। गाउँको शान्ति सुरक्षा कायम हुने अपेक्षा गरिएको स्थानीयवासी बताउँछन्।रासस

# धुञ्चेमा रिम्वोर्कषेको मूर्ति निर्माण



**टुडे एक्सप्रेस** / रसुवा

जिल्ला सदरमुकाम धुञ्चेमा गुरु पद्म शंभव रिम्वोर्कषेको मूर्ति निर्माण गरिएको छ। धर्म, संस्कृतिको संरक्षण गर्दै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले गोसाइँकुण्ड गाउँपालिकास्थित पुनामा सो मूर्ति राखिएको छ। रु ८३ लाखका लागतमा उपभोक्ता समितिमार्फत निर्माण भएको पद्म सम्भव रिम्वोर्क्षेको मूर्तिलाई बौद्ध धर्म अनुसार बिहीबार पूजाआजा समेत गरिएको छ। सो मूर्तिको गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङ र रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङद्वारा संयुक्तरूपमा लामा विधिपूर्वक स्थापना गर्नुभएको थियो। स्थानीय बासिन्दाको चाहना अनुसार सो मूर्ति निर्माण भएको हो। सामान्य खालको संरचनबाट बनाइएका परम्पराको माने विसं २०७२ को भूकम्पले भत्काएपछि सो स्थानमा गाउँपालिकाले गुरु रिम्वोर्क्षेको मूर्ति स्थापना गरेको हो। गाउँपालिकाले रिर्वोक्षेको मूर्ति, शङ्खउद्यान, फुटबल मैदान, गाउँ प्रवेशद्वार, धुञ्चे-खोदल तथा, धुञ्चे- सुर्काङ नागुङ सडक, गाउँमा नाली तथा पैदलमार्ग, रेडपाण्डा पार्क निर्माण ऐतिहासिक घले राजाको दरबार संरक्षणका कारण धुञ्चे क्षेत्रको सुन्दरता बढेको छ।धुञ्चेको इमरूङ क्षेत्रमा भने स्थानीय बासिन्दाको सहयोगमा बौद्ध स्तूप विगत पाँच वर्ष अगाडि निर्माण भइसकेको छ। नयाँ संरचना निर्माणबाट सुनसान बन्दै गएको धुञ्चे क्षेत्रलाई आन्तरिक एवं बाह्य पर्यटकको आगमन गराउन यहाँका युवा क्रियाशील रहेको स्थानीय निमावाङ्चु तामाङले बताउनुभयो।रासस

# इञ्जिनीयर्स एसोसियसनको केन्द्रीय नेतृत्वमा लोकतान्त्रिक समूह निर्वाचित

**टुड एक्सप्रेस** / काठमाडौँ

नेपाल इञ्जिनीयर्स एसोसियसनको अध्यक्ष पदमा सेन्टर फर डेमोक्र्याटिक इञ्जिनीयर्स नेपालका डा हरिबहादुर दर्लामी निर्वाचित हुनुभएको छ। दर्लामीले तीन हजार ९३० मत प्राप्त गर्नुभएको निर्वाचन समितिका सदस्य उमेशकुमार गुप्ताले जानकारी दिनुभयो।

यसैगरी उपाध्यक्ष पदमा पनि लोकतान्त्रिक समूहकै डा नारायणप्रसाद अधिकारी चार हजार २१ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ। सबै पदमा लोकतान्त्रिक समूह विजयी भएको समितिले जनाएको छ। महासचिव पदमा रविभूषण झाले चार हजार २९८ मत पाउनुभएको छ। उपमहासचिवमा सरोज धितालले तीन हजार ६८३ मत प्राप्त गर्नुभयो। कोषाध्यक्ष पदमा दिनेश त्रिपाठीले तीन हजार ६०५ मत प्राप्त गर्नुभयो।

सहकोषाध्यक्ष पदमा दीपक अधिकारी तीन हजार ३४२ मत ल्याई विजयी हुनुभएको छ। एसोसियसनको सबै सदस्य पदमा पनि लोकतान्त्रिक समूहकै उम्मेदवार विजयी भएका छन्। मधेस प्रदेशबाहेकका छ प्रदेशको एसोसियसनमा पनि लोकतान्त्रिक समूहको नेतृत्व निर्वाचित भएको छ। मधेस प्रदेशका अध्यक्षमा भने नेशनल इञ्जिनीयर्स एसोसियसन नेपालका गौरी पण्डित अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ।एसोसियसनका निर्वाचित अध्यक्षमा प्रदेश नं १ मा जयनाथ यादव, गण्डकीमा वृजेन्द्र केसी, लुम्बिनीमा शैलेन्द्रकुमार श्रेष्ठ, कर्णालीमा हरि केसी र सुदूरपश्चिममा प्रदीपकुमार पन्त निर्वाचित हुनुभएको हो। वाग्मती प्रदेशमा पनि लोकतान्त्रिक समूहकै रोहिणी पौडेल निर्वाचित हुनुभएको छ।यसैगरी प्रगतिशील समूहबाट केन्द्रीय अध्यक्षमा डा सुरज लामिछाने नेतृत्वको समूहले प्रतिष्पर्धा गरेको थियो। सिडेनबाट विद्रोही समूह निर्वाचनमा खडा भए पनि छ प्रदेशसहित केन्द्रमा पनि निर्वाचित भएको छ।एसोसियसनको ३३औँ कार्यसमितिका लागि फागुन २७ गते शुक्रबार मतदान भएको थियो। एसोसियसनबाट इञ्जिनीयर्स काउन्सिलमा प्रतिनिधित्व गर्ने पाँच पदमा पनि सिडेनकै उम्मेदवार निर्वाचित भएको जनाइएको छ।रासस

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (०४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ“खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (०१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ“खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (०४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४–५२०००९ |
| जलेश्वर अस्पताल | ०४४–५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४–५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

### हेप्पी होली

आपसी भाइचारको महापर्व होली आज जनकपुरधाममा रहेको छ। वसन्त श्रृतुको आगमन संगै होलीको आगमन मानिने मधेशमा होलीको विशेष रौनक हुन्छ। मधेशमा मनाइने हरेक पर्व मध्ये होली पर्वको आफनै विशिष्ट पहिचान रहेको छ। होलीमा विशेष गरि गाईने होलैया गित र जोगीरा गितले होली पर्वलाई मन्त्रमुग्ध वनाएको हुन्छ। र यसै विशेष प्रस्तुतिलाई हेर्नका लागि आन्तरिक तथा वाह्य पर्यटकहरू होली हेर्नका लागि होलीको दिन मधेश झर्ने गरेको छ। हुनतः मधेश प्रदेश सरकारले यस पर्वबाट पर्यटन क्षेत्रमा पनि वढावा दिन सकिन्छ तर मधेश प्रदेश सरकारलाई राजनीति गर्नुबाट फुर्सद पनि छेन। होली पर्वमा राजनीतिको कुरा गरेर होली पर्वलाई खल्लो बनाउनु हुन्न त्यसैले यस पर्वले नेताहरूमा सदवुद्धि प्रदान गरुन यहि मात्र कामना गर्न सकिन्छ। आउदो वर्षमा होली को रौनकतामा केहि कमी आएको छ। कम्प्युटर र मोवाईल युगले टिकटकमा नग्न नृत्य प्रर्दशन गर्नु बाहेक अहिलेका युवा युवतीहरूलाई आफनो कला संस्कृति देखि केहि मतलव नरहेको देखिएको छ। र यसको परिणाम मधेशको होलीमा खेलीने जोगीरा र गाइने होलैया गित अहिलेका युवा युवतीहरूलाई थाहै छैन। हुनतः यसमा मात्र युवा युवतीहरूलाई दोष लगाएर हुदैन यसमा सम्वन्धित निकायले पनि समयमा ध्यान दिन नसकेका कारण संस्कृति विलुप्त हुने अवस्थामा पुगेको छ। साथै पुरानो पुस्ताले नया पुस्तालाई आफनो संस्कृतिलाई हस्तान्तरण गर्नुपनि जरुरी रहेको र यसको गरिमालाई सम्झाउनु पनि जरुरी रहेको छ। यसबाट मिथिलाको आफनो वेग्लै विशिष्ट पहिचानलाई वचाउन सकिन्छ। आज मिथिलामा होली मनाइदै छ। होली पर्व भाइचारा र संसकारीरुपमा मनाउनुको साथै कोभिड महामारीको समस्या जारी नै रहेकोले स्वास्थयको खयाल गरि होली खेल्न आग्रह गर्दछौ। होली पर्वको सवैमा शुभकामना

# पत्रकारिता, राजनीति र भ्रष्टाचार



धर्मेन्द्र झा



पत्रकारिताको एक प्रमुख एजेन्डा सुशासन कायम गर्नु हो। निश्चय पनि यस कार्यमा पत्रकारिताको सहयोगी भूमिका हुने विश्वास गरिन्छ। यो सन्दर्भ पत्रकारिताको व्यावसायिकता निर्वाहसँग पनि सम्बन्धित छ। जब पत्रकारिता राजनीतिकेन्द्रित हुन पुग्छ, तब यसले यो एजेन्डा गुमाउने खतरा हुन्छ। पत्रकारिता जब राजनीतिक विचार र आस्थाका आधारमा भ्रष्टाचार र सुशासनका सम्बन्धमा आग्रही हुन्छ, तब यसको नैतिक मूल्य सङ्कटमा पर्न जान्छ।

पछिल्लो कालखण्डमा नेपाली पत्रकारिताले कुनै न कुनै रूपमा यो समस्या बेहोरिरहेको छ भन्दा असान्दर्भिक हुँदैन। नेपालमा अहिले पनि मिसन र व्यावसायिक गरी दुई धारको पत्रकारिता भइरहेको पाउन सकिन्छ। व्यावसायिक सोच राख्ने पत्रकार र पत्रकारिताले उठान गरेका मुद्दालाई मिसन पत्रकारितामा विश्वास गर्नेले आग्रही देखिरहेका हुन्छन्। त्यसको प्रतिकारमा आफ्नो समय खर्चिरहेका हुन्छन्, यो सत्य हो। यस पटक यस आलेखमा यसै सन्दर्भमा केन्द्रित हुने प्रयत्न गरिएको छ।

पछिल्ला दिनमा पत्रकारिता राजनीतिबाट आग्रही र निर्देशित हुन पुगेको छ भन्दा असान्दर्भिक हुँदैन। पत्रकारिता कित्ताबन्दीमा विभक्त हुन पुग्दा यसले आफ्नो विश्वसनीयताको गुण गुमाउने अवस्था सिर्जना हुन पुगेको छ। यस्तो अवस्थामा पत्रकारिताले भ्रष्टाचारलगायतका एजेन्डामा सामूहिक दृढता व्यक्त गर्न सम्भव हुँदैन। प्रदेशमा अहिले भइरहेको यही हो। मिडियाले भ्रष्टाचारसम्बन्धी मुद्दालाई आफ्नो प्राथमिकतामा राखेका छैनन्। प्रश्न उठ्छ, किन ?

सुशासनको कुरा बडा जोडतोडले गर्ने प्रदेश सरकारको प्राथमिकतामा भ्रष्टाचार नियन्त्रणको मुद्दा पर्ने गरेको पाइँदैन। भ्रष्टाचारलाई शून्य सहनशीलताको स्थितिमा पु-याउने र प्रत्येक जनतालाई सुशासनको प्रत्याभूति दिलाउनेजस्ता कर्णप्रिय कुरा सरकारले गर्ने गरे पनि उपलब्धि भने हात लागी शून्यको स्थितिमा छ। भ्रष्टाचारलाई न्यून गर्ने र सुशासनको सन्दर्भमा विद्यमान अवस्थामा सुधार ल्याउने उद्देश्यले सरकारले कार्यक्रम नल्याएको होइन तर ती प्रभावकारी हुन सकेको पाइँदैन। स्थानीय तहलगायत सरकारका तीनै तह भ्रष्टाचार र अनियमितताका सम्बन्धमा पटकपटक विवादमा तानिने गरेका छन् तर यथोचित कारबाही भएको नपाइँदा सरकारको प्रतिबद्धतामाथि प्रश्नचिह्न ठडिन पुगेको छ, जसलाई अस्वाभाविक मान्न मिल्दैन।

यस सन्दर्भमा एउटा कुरा सोचनीय छ, प्रदेश सरकारले सिद्धान्ततः सूचनाको हकसम्बन्धी अवधारणालाई स्वीकार गर्न सकेका छैनन्। यसले स्वाभाविक रूपमा अनेकथरी जिज्ञासाको सिर्जना गर्दछ। प्रदेश सरकारले अनेकौं कानुनको तर्जुमा गरे पनि सूचनाको हकसम्बन्धी ऐनको तर्जुमालाई प्राथमिकतामा राखेको पाइँदैन। सरकारका निकायको कार्यशैली र अनुगमन संयन्त्र प्रभावकारी हुन नसक्दा सरकारी प्रयत्न उपलब्धिमूलक हुन सकेका छैनन्। भ्रष्टाचार न्यून गर्न र सुशासनको विद्यमान अवस्थामा सुधार ल्याउन सरकारी तथा गैरसरकारी निकायका सम्पूर्ण कार्य पारदर्शी हुनु आवश्यक छ। भ्रष्टाचार न्यूनीकरण र सुशासन स्थापनाका सन्दर्भमा पारदर्शी व्यवहारलाई एक किसिमले सर्तका रूपमा स्वीकार्ने गरिन्छ। यो अन्तर्राष्ट्रिय मान्यता पनि हो। नेपालका सबै तहका सरकारले पनि यी मान्यता आत्मसात् गर्नु अपरिहार्य छ।

जनताको सूचनाको हकसम्बन्धी अवधारणालाई आधार बनाएर भारतमा सञ्चालन गरिएको आन्दोलन 'परिवर्तन'का आधारमा अरविन्द केजरीवाल राजधानी दिल्लीको तीन पटकसम्म मुख्यमन्त्री बन्न सक्षम हुनुभएको छ। राजधानी दिल्ली मात्र होइन, केजरीवालको आम आदमी पार्टी (आप)ले पञ्जाब प्रान्तमा समेत सानदार ढङ्गले सरकार बनाउने अवसर पाएको छ। पञ्जाब प्रान्तको विधान सभाको एक सय १७ स्थानमध्ये आपले ९२ स्थानमा विजय हासिल गरेको छ। दिल्ली र पञ्जाब दुवै प्रान्तमा आपले भ्रष्टाचार नियन्त्रण र लोककल्याणकारी कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। आपले शसनको आफ्नो मोडेलअनुरूप दिल्लीमा जस्तै पञ्जाबमा पनि जनतालाई तीन सय युनिट निःशुल्क बिजुली दिने वाचा ग-यो।

यसका साथै दिल्लीमा सफल भएका हरेक नागरिकलाई निःशुल्क शिक्षा, प्रत्येक महिलालाई मासिक एक हजार रुपियाँ, हरेक जनताको निःशुल्क स्वास्थ्य परीक्षण र औषधि, प्रत्येक व्यक्तिलाई स्वास्थ्य कार्ड उपलब्ध गराउनेजस्ता कार्यक्रमको प्रतिबद्धता पनि उसले पञ्जाबमा गरेको थियो। यस्तै आपले हरेक गाउँमा क्लिनिक खोल्ने, सरकारी अस्पतालको अवस्था सुधार्ने र राज्यमा ठूलो मात्रामा नयाँ अस्पताल खोल्ने कुरा पनि जनतामाझ राखेको थियो। दिल्लीमा यी सबै वाचा पूरा गरेका केजरीवालको प्रतिबद्धतामाथि पञ्जाबका जनताले विश्वास गरे। केजरीवाल बोलेको कुरा पूरा गर्ने नेताका रूपमा परिचित छन्। दिल्लीमा उनले जे जे बोले, त्यो सबै पूरा गरे। पञ्जाबी जनताले केजरीवालको त्यही छविलाई मन पराए। यस्तोमा एउटा प्रश्न स्वाभाविक रूपले उठ्न सक्छ, यी लोककल्याणकारी कार्यका लागि केजरीवालले अर्थको जोहो कसरी गरे ?

आपका नेताहरूका अनुसार यस पार्टीले भ्रष्टाचारलाई नियन्त्रण गरेर जनकल्याणकारी कार्यका लाग आवश्यक आर्थिक स्रोतको जोहो गर्न सक्यो। के हाम्रा सङ्घदेखि प्रदेश तहसम्मका कुनै पनि सरकार केजरीवाल मोडेलका लागि तयार छन् ? भ्रष्टाचार नियन्त्रण गरेर सुशासन स्थापना र लोककल्याणकारी कार्य गर्न सकिन्छ भन्ने उदाहरण केजरीवालले स्थापित गरेका छन्। हाम्रा सरकारहरूले पनि यो मोडेलको अनुसरण गर्न सक्छन् र गर्नु पनि पर्छ।

भारतकै विहार राज्यले पछिल्ला दिनमा दुई अङ्कमा प्राप्त गरेको आर्थिक विकास र सुशासन एवं सुरक्षाका सन्दर्भमा प्राप्त गरेको सफलताको आधार यस्तै कार्यक्रम हुन् भन्दा गलत हुँदैन। भारतको विहार सरकारले लागू गरेको जानकारी कार्यक्रम यसको उदाहरण हो। के नेपालमा पनि यस्ता कार्यक्रम सञ्चालन गर्न सकिँदैन र ?

नेपालमा विगतमा सञ्चालनमा ल्याइएका जनतासँग प्रधानमन्त्री र हेलो सरकार कार्यक्रमसँग सम्बद्धका अनुसार यी कार्यक्रममार्फत प्राप्त हुने गुनासामा सबभन्दा बढी विषय भ्रष्टाचार र विकास निर्माणसँग सम्बन्धित हुने गरेका थिए। विहारमा पनि जानकारीमार्फत प्रारम्भका दिनमा भ्रष्टाचारसँग सम्बद्ध विषयकै आधिक्य थियो। त्यस्ता गुनासालाई उचित ढङ्गले सम्बोधन गरिएपछि त्यहाँ भ्रष्टाचार न्यूनीकरणमा उल्लेख्य सफलता प्राप्त भएको थियो। नेपालमा भने अवस्था ठीक उल्टो देखिएको छ। यहाँ भ्रष्टाचारसँग सम्बन्धित जनताका गुनासालाई उचित ढङ्गले सम्बोधन गर्ने गरिएको पाइँदैन। यस्ता विषयको यहाँ राजनीतीकरण गर्ने गरिन्छ।

नेताको भाषणले भ्रष्टाचार न्यूनीकरण हुन सक्दैन। यसका लागि ठोस नीति र कार्यक्रम आवश्यक हुन्छ। नेपालमा भने नेता भाषण मात्र गर्छन्। आवश्यक नीति र कार्यक्रम ल्याउँदैनन्। नेपालका सन्दर्भमा भन्ने हो भने भ्रष्टाचार न्यूनीकरणको विषय राष्ट्रिय एजेन्डा बन्न सक्नुपर्ने हो तर यहाँ यो भाषणको विषय मात्र बन्ने गरेको छ। खासमा भ्रष्टाचार न्यूनीकरणका लागि राजनीतिक स्तरबाट दृढ इच्छाशक्ति र प्रतिबद्धता आवश्यक पर्छ, जसको नेपालमा नितान्त अभाव छ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको प्रतिवेदनले नेपाललगायत दक्षिण एसियाली मुलुकमा यहाँका जनताले प्रत्येक खालका सेवा प्राप्तिका लागि घुस अर्थात् नजराना दिनुपर्ने अवस्था विद्यमान रहेको देखाएबाट पनि नेपालको यथार्थ अवस्था बुझ्न सहयोग पुग्छ। यो अवस्था नेपालका प्रत्येक प्रदेश सरकारका सन्दर्भमा समान रूपले लागू भइरहेको अवस्था छ। माथिको अवस्थाले नेपालको सत्तामा बसेकाहरूको मनोदशाको चित्रण गर्छ। पत्रकारिताले यी र यस्ता विषयमा कुनै पनि प्रकारको पूर्वाग्रह नराखेर सत्यतथ्य जनताका सामु पस्किन सक्नुपर्ने हो तर त्यसो हुन सकिरहेको छैन।

नेपालको पत्रकारितामा यस्ता विषयका सम्बन्धमा पनि विभाजित मानसिकताले निर्णायक भूमिका निर्वाह गरिरहेको छ।

यहाँनिर व्यावसायिक र मिसन पत्रकारिताबीच कतै न कतै द्वन्द्वको अवस्था विद्यमान रहेको पाउन सकिन्छ। समाचारका आम उपभोक्ताको दृष्टिले यस्तो स्थितिलाई कुनै पनि हालतमा उचित ठह-याउन सकिँदैन। पत्रकारिता गरिरहेकाहरूले यस विषयमा गम्भीरतापूर्वक सोच्नु जरुरी छ। यस वर्षको होली पर्वले सबैलाई सद्बुद्धि प्रदान गरोस्।

# राजनेताको भूमिकामा देउवा



डा. जितु उपाध्याय

नेपालको राष्ट्रिय राजनीतिमा पछिल्लो तीन दशकदेखि क्रियाशील नेता हुनुहुन्छ- शेरबहादुर देउवा। मुलुकको पाँचौं पटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका देउवाको नेपाली राजनीतिमा विशिष्ट पहिचान छ। २०१७ सालमा नेपाली काँग्रेसको नेतृत्वमा प्राप्त प्रजातन्त्रको चीरहरण गरेर तत्कालीन राजा महेन्द्र शाहले लादेको पञ्चायती व्यवस्थाको विरुद्धमा उत्रिएका देउवाले कष्टकर जेल यातना भोग्नुभयो। शक्तिशाली राजा महेन्द्रको धनगढी सवारीका क्रममा पञ्चायती व्यवस्थाको विरोधस्वरूप उनी चढेको गाडी देउवाले सडकमै रोकेको घटना आज पनि उत्तिकै चर्चामा छ। त्यसमा पनि सुदूरपश्चिमका पुराना नेताले देउवाको यो कदमलाई साहसिक नेताका रूपमा चित्रण गर्ने गरेका छन्।

पछिल्ला तीन दशकको राजनीतिक यात्रामा निकै आरोह अवरोह झेल्दै देउवा फेरि एकपटक मुलुककै राजनीतिको केन्द्रीय भागमा हुनुहुन्छ। उहाँकै नेतृत्वमा मुलुक यतिबेला अगाडि बढिरहेको छ। देउवा कम बोल्नुहुन्छ तर जे हो त्यही बोल्ने उहाँको शैलीलाई व्यक्तिहरूले आआफ्नै ढङ्गले व्याख्या गर्ने गरेका छन्। उहाँले सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा होस् या सञ्चारमाध्यममा अन्तर्वार्ता दिँदा बोल्ने शैली एउटै छ तर आफ्नो अडानमा अडिग हुने र विपक्षी हुन् वा आफ्नै पार्टीका फरक समूहलाई पनि मिलाएर लैजान सक्ने उहाँको खुवी अकाट्य छ। साथै देउवाको हक्की स्वभाव पनि राष्ट्रिय राजनीतिमा बेलाबेलामा चर्चाको विषय बन्ने गरेको छ।

२०४८ सालदेखि अहिलेसम्मका सबै संसदीय निर्वाचनमा अपराजयको एक्ला यात्री हुनुहुन्छ- देउवा। २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि बनेको काँग्रेस नेतृत्वको एकल सरकारका शक्तिशाली गृहमन्त्रीका रूपमा देउवाले पहिलो पटक राजकीय जिम्मेवारी सम्हाल्नुभयो। त्यसपछि जबजब मुलुक सङ्कटको अवस्थामा पुग्यो, त्यसबाट देशलाई निकास दिने जिम्मेवारी पनि देउवाकै काँधमा आएको इतिहासबाट प्रस्ट हुन्छ। जसको पछिल्लो उदाहरण हो- उहाँको प्रधानमन्त्रीमा नियुक्ति।

नेपाली जनताले स्थिर सरकारको अपेक्षा गर्दै झन्डै दुईतिहाइ मत दिएर कम्युनिस्ट पार्टीलाई जिताए। देउवाले स्थिरता र समृद्धिका लागि प्रतिपक्षीमा बसेर सरकारलाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो तर सरकार सञ्चालनको दुई वर्ष नपुग्दै कम्युनिस्ट पार्टी (तत्कालीन नेकपा)को सरकारमा द्वन्द्व बढ्यो। मुलुक अनिश्चितताको बाटोमा अगाडि बढ्ने खतरा भयो। लामो सङ्घर्ष र त्यागबाट प्राप्त उपलब्धि गुम्दै अर्को अधिनायकवादको बाटोमा जाने अवस्था देखिएपछि प्रतिपक्षी भूमिकामा रहेको काँग्रेसले नै मुलुकलाई सही दिशामा ल्याउनुपर्ने अवस्था आयो। जसको नेतृत्व काँग्रेस सभापति देउवाले गर्नुभयो। राजनीतिक र संवैधानिक लिकबाट बाहिर गइरहेको देशलाई सही दिशामा ल्याउन देउवाले सबै दललाई आफूमातहतमा समेटेकैले देशले लोकतन्त्रको मार्ग समात्यो।

आफ्नो चर्को विरोधी दल होस् वा प्रतिस्पर्धी, सबैलाई मिलाएर सरकार चलाउन सक्ने खुवी देउवामा रहेको चर्चा राजनीतिक वृत्तमा हुने गरेको छ। पार्टीभित्र पनि उहाँकै समूहका नेताहरूले देउवाले छिटो निर्णय नलिने भनेर आलोचना गर्ने गरेका छन् तर देउवा छिटो निर्णय गर्ने नाममा पार्टीभित्र विवाद बढाउने र अर्को पक्षलाई थप चिढ्याउन चाहनुहुँदैन। त्यसैले देउवा बरु निर्णय गर्न समय लगाउने तर निर्णयमा सबैको अपनत्व गराउन चाहनुहुन्छ। उहाँले राष्ट्रिय राजनीतिका महत्वपूर्ण विषयमा पार्टीभित्र व्यापक छलफल गराएर मात्र निर्णय लिन थाल्नुभएको छ। २०७४ सालमा सम्पन्न तीन तहको निर्वाचनपछि हरेक निर्णय पार्टीको केन्द्रीय समितिबाटै गराउनुले देउवा पार्टीभित्रको आन्तरिक लोकतन्त्रप्रति कति प्रतिबद्ध हुनुहुन्छ भन्ने प्रस्ट हुन्छ।

समावेशी राजनीतिका सूत्रधार

नेपालका राजनीतिक दलभित्र समावेशिताको मुद्दा उठेको २०६२/६३ सालको जनआन्दोलनपछि मात्रै हो। त्यसमा पनि पहिलो संविधान सभा निर्वाचनपछि संविधान निर्माणका क्रममा सबै जातजाति र समुदायको पहुँच र प्रतिनिधित्व राज्यका सबै निकायमा हुनुपर्छ भन्ने बहस व्यापक बन्यो तर देउवाले धेरै अगाडिदेखि नै समावेशी प्रतिनिधित्वको मुद्दा उठाउनुभएको मात्रै थिएन, व्यवहारबाटै कार्यान्वयन गराउन सफल हुनुभयो। मुलुकको संविधानमा नभएको र राजनीतिमा पनि छलफल नभएको विषयमा देउवाले आफू नेतृत्वको तत्कालीन काँग्रेस प्रजातान्त्रिकमा समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्नुभएको थियो।

देउवाले राज्यको मूलधारबाट निकै पछाडि परेको कर्णाली, दलित, मधेसी, जनजाति र महिला (कदमजम) को अवधारणा अगाडि सार्नुभयो। राजनीतिक दलभित्र नेतृत्व तहमा प्रतिनिधित्वको सुरुवात पनि उहाँले नै गर्नुभएको हो। साथै प्रधानमन्त्रीका रूपमा पहिलो पटक महिला आयोग, दलित आयोग, सुकुम्बासी आयोगदेखि जनजाति प्रतिष्ठानलगायत गठन गर्नुभयो। देउवा प्रधानमन्त्री भएकै बेला सुरक्षा निकायमा पनि महिलालाई भर्ती गर्ने काम भयो। त्यस्तै युवा मन्त्रालयको गठन पनि देउवाकै पालामा भयो।

अडान भएका नेता

मुलुक तीन तहको निर्वाचनमा जाँदै छ। एक वर्षभित्रै स्थानीय तह, प्रदेश सभा र सङ्घको निर्वाचन हुँदै छ। स्थानीय तहको निर्वाचन हुन दुई महिना पनि बाँकी छैन। निर्वाचन नजिकिँदै जाँदा मुलुकको जनमत एउटा परियोजनाको विषयमा पूर्णतया विभाजित अवस्थामा पुग्यो। अमेरिकी सहयोग परियोजना एमसीसीका बारेमा जनमानसमा यतिसम्म भ्रम र अपवाह फैलाइयो कि एमसीसीका पक्षमा बोल्ने हरकोही व्यक्ति राष्ट्रघाती करार भइरहेका थिए। धेरै बुद्धिजीवी र नेता एमसीसीका बारेमा बोल्नै डराउने अवस्था थियो। एमसीसीलाई अगाडि बढाउँदा निर्वाचन परिणाममै असर पर्ने भन्दै काँग्रेसभित्रै ठूलो समूह एमसीसीका बारेमा पार्टी मौन बस्नुपर्ने धारणा बनाइरहेको थियो।

पाँचदलीय सत्ता गठबन्धनमा काँग्रेसबाहेक सबै दल एमसीसीको विरोधमा थिए। समयक्रममा जब एमसीसी संसद्मा प्रक्रियामा अगाडि बढ्यो, एकाध सांसदबाहेक सर्वसम्मत रूपमा अनुमोदन भयो। एमसीसीको विपक्षमा मत दिने औपचारिक निर्णय गरेका दल अनुमोदनका पक्षमा उभिए। एमसीसीको विरुद्धमा जुन खालका भ्रम र अपवाह फैलाएर जनमतलाई विभाजित गर्ने खेल भएका थिए, ती सबै असफल भए र मुलुकको अन्तर्राष्ट्रिय छवि धमिल्याउने कतिपयको प्रयास पनि सफल भएन। एमसीसीलाई सदनबाट सर्वसम्मत पारित गराउने र विभाजित जनमतलाई एकताबद्ध बनाउन प्रधानमन्त्री देउवाको भूमिका प्रशंसनीय छ। 'नेताले एउटा निर्वाचन हेर्छ, राजनेताले मुलुकको भविष्य हेर्छ' भन्ने चर्चित भनाइ प्रधानमन्त्री एवं काँग्रेस सभापति देउवाको हकमा अहिले लागू हुन्छ। एमसीसीकै कारण पार्टी पराजित हुन सक्ने धारणा काँग्रेसभित्रबाटै चर्को आवाजमा उठिरहेका बेला देउवाले मुलुकको अन्तर्राष्ट्रिय छवि र देशको आर्थिक समृद्धिलाई प्राथमिकतामा राख्नुभयो। कम्युनिस्ट सरकार (झलनाथ खनाल प्रधानमन्त्री हुँदा)कै पालामा सुरु भएको र कम्युनिस्ट सरकार (केपी ओली प्रधानमन्त्री हुँदा)का पालामा एमसीसी सम्झौता अनुमोदनका लागि संसद्मा दर्ता भएको थियो। तिनै पार्टी नेताहरू एमसीसीको विपक्षमा उभिँदा देउवा एमसीसी पारित गर्ने विषयमा एक्लो वृहस्पति हुनुहुन्थ्यो एक समयमा। कालान्तरमा सबैलाई एकै ठाउँमा उभ्याएर एमसीसी अनुमोदन गर्न सफल बन्नुभएका देउवा राष्ट्रिय राजनीतिमा मात्रै नभएर अन्तर्राष्ट्रिय समुदायमा पनि एक विश्वासिलो र परिपक्व नेताका रूपमा स्थापित हुनुभयो। पार्टी सभापतिमा दोस्रो कार्यकालका लागि शानदार जित हासिल गर्नुभएका देउवाले अहिले युवापुस्ताका लोकप्रिय नेता गगन थापालाई साथमा लिएर पार्टीभित्र र बाहिर काम गरिरहनुभएको छ। महाधिवेशनअघिसम्म आफ्ना कटु आलोचक रहेका गगनलाई साथमा लिएर देउवाले अब पार्टीभित्र फरक समूहलाई पनि स्थान दिएको सकारात्मक सन्देश मात्रै दिनुभएको छैन, युवापुस्तालाई पार्टी हस्तान्तरण गर्न खोजेको सन्देश पनि गएको छ। झन्डै दस दशक लामो प्रजातान्त्रिक आन्दोलनमा सङ्घर्ष गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पनि स्थापित प्रधानमन्त्री देउवाले निर्वाह गरेको अभिभावकीय भूमिकाले देशलाई समृद्धि र स्थिरताको बाटोमा लैजाने निश्चित छ।

# श्रीमानको कुटाइबाट श्रीमतीको मृत्यु



**टुडे एक्सप्रेस** / बनियानी

झापाको बिर्तामोड नगरपालिकामा श्रीमानको कुटपिटबाट श्रीमतीको मृत्यु भएको छ। बिर्तामोड-५ का ४० वर्षीय कमल राउतले कुटपिट गर्दा ३९ वर्षीया खेमजुङ गुरुङको मृत्यु भएको हो।

गए राति राउतले घरायसी विवाद हुँदा खेमजुङलाई कुटपिट गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। श्रीमानको कुटाइबाट गम्भीर घाइते उनको बिर्तामोडस्थित कनकाई अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल लगिएको थियो ।नोबेल अस्पतालमा पनि उपचार हुन नसकेपछि आफन्तले बिर्तामोडस्थित माइती घर ल्याएकामा गए राति मृत्यु भएको हो। घटनाबारे इलाका प्रहरी कार्यालय अनारमनीले अनुसन्धान अघि बढाएको छ ।रासस

# बस दुर्घटनामा दुईको मृत्यु, दर्जनौं घाइते

**टुडे एक्सप्रेस** / बागमती

मकवानपुरको मनहरीमा शुक्रवार भएको यात्रुबस दुर्घटनामा परी मृत्यु भएका दुई जनाको सनाखत भएको छ। पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत मकवानपुरको मनमहरि गाउँपालिका-६ मा भएको दुर्घटनामा मृत्यु हुनेहरूमा बसका सहचालक नुवाकोट जिल्ला तारकेश्वर गाउँपालिका-४ निवासी २२ वर्षीय सुवास श्रेष्ठ र उक्त बसमा सवार सोही ठाउँका २९ वर्षीय शम्भु दराई मगर रहेको जिल्ला प्रहरी कार्यलयका प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले जानकारी दिनुभयो। प्रहरीका अनुसार हेटौंडाबाट चितवनतर्फ गइरहेको ना४ख ४४५४ नंको बस आज बिहान ८:३० बजे मनहरि ६ को कुलचोकमा दुर्घटना भएको हो। दुर्घटनामा दुई जनाको घटनास्थलमै मृत्यु भएको भएको मनहरीस्थित इलाका प्रहरी कार्यलयका प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिनुभयो ।बसमा कति यात्रु सवार थिए भन्ने यकिन विवरण नआइसकेको र दुर्घटनाको कारण पनि खुल्न नसकेको उहाँको भनाइ थियो। घाइते भएकाहरूलाई चितवन अस्तपल पठाइएको र मृतकको शव परीक्षणका लागि हेटौँडा अस्पताल ल्याइएको छ ।रासस




# माडीमा आगलागी हुँदा ६० लाखको क्षति



**टुडे एक्सप्रेस** / चितवन

चितवनको माडी नगरपालिका-४ खैरहनीमा आगलागी हुँदा रु ६० लाख बराबरको क्षति भएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार स्थानीय माधव लामिछानेको धन्सारमा आगलागी भएको थियो। कार्यालयका प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीका अनुसार आगलागीबाट धन्सारमा रहेको ७० क्विन्टल धान, पाँच क्विन्टल तोरी, दुई क्विन्टल गहुँ, ३५ क्विन्टल (७० बोरा) कुखुराको दाना, फ्रिज एक थान, टिभी एक थान, डिजिटल मेसिन एक थान, सोलार प्यानल तीन थान, ब्याट्री तीन थान, इन्भर्टर एक थान, ग्रिज, मोबिल, गियर आयल, हाइड्रोलिक पाइप, ड्रम तथा अन्य भाँडावर्तन जलेर नष्ट भएको छ।

यस्तै फार्ममा रहेको तयारी कुखुरा एक हजार २०० तथा झण्डै एक हजार चल्ला नष्ट भएको उहाँले जानकारी दिनुभयो। बिहान ४:३० बजे आगलागी भएको हो। स्थानीयवासी र प्रहरीले आगो निभाएका थिए। आगलागीको कारण भने खुल्न सकेको छैन ।रासस

# निजी छाडेर सामुदायिक विद्यालयमा




**टुडे एक्सप्रेस** / गलकोट

पठनपाठन राम्रो हुँदै गएपछि निजी छाडेर सामुदायिक विद्यालयमा भर्ना हुने क्रम बढ्दै गएको छ। बागलुङ नगरपालिका-३ रातमाटास्थित धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालय यस्ता छन्, जहाँ भर्ना हुन ठूलै युद्ध जिते सरह ठान्छन् अभिभावकहरू। सदरमुकामसँग जोडिएको सो विद्यालयमा कुनै समय एकै वर्ष ९३ जनासम्म एसएलसी दिन्थे। विद्यालयमा विद्यार्थीको सङ्ख्या थेगिनसक्नु हुन्थ्यो। सदरमुकामका विद्यार्थी यहाँ पढ्न आउँथे ।तर समय फेरियो विद्यार्थी सङ्ख्या ह्वात्तै घटे। विसं २०२१ मा स्थापना भएको सो विद्यालय विद्यार्थी अभावकै कारण बन्द हुने अवस्थामा पुग्ला भनेर स्थानीयवासी कसैले सोचेकै थिएनन्।

बागलुङकै पुरानोमध्येकै धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालय परिसरबाट अहिले निजी विद्यालयका पाँच/छवटा सवारीसाधन आउजाउ गर्छन्। विद्यालय परिसरकै विद्यार्थी ओसार्न सदरमुकामबाट दैनिक सवारी आउने हैरानी अर्कोतिर धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालयमा विद्यार्थी सङ्ख्या ओरोलो लाग्दै छ। निजी विद्यालयको आकर्षणका कारण गाउँका बालबालिका बजार पढ्न आउन थालेपछि कुनै दिन एक हजार ३०० विद्यार्थीले अध्ययन गर्ने धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालयका विद्यार्थी अभावमा झण्डै बन्द हुने अवस्थामा पुग्यो। विस्तारै विद्यार्थी सङ्ख्या ओरालो लाग्दै गयो।

उक्त विद्यालयमा विसं २०६८ मा कक्षा १ देखि १० सम्म जम्मा विद्यार्थी सङ्ख्या ६८ जना थिए। कुनै कक्षा त खालीजस्तै थियो। विद्यार्थीले विद्यालय छाडेपछि झण्डै बन्द हुने अवस्थाको विद्यालय अहिले भने नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आएको छ। गाउँलेले दुःख गरेर स्थापना गरेको विद्यालय बन्द हुने अवस्थामा पुगेपछि स्थानीयवासीमा जागरुकता आयो, कोमामा पुगेको विद्यालय बौरिएको छ।

विसं २०६८ देखि नै विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुन थाल्यो। विद्यार्थीको मागअनुसार विद्यालयमा पढाइ हुन थालेपछि विस्तारै निजी विद्यालयमा अध्ययन गर्न छाडेर यस विद्यालयमा विद्यार्थी आउन थालेको प्रधानाध्यापक भूमिराज गौतमले जानकारी दिनुभयो। "सदरमुकाम नजिकै भएकाले निजी विद्यालयका सवारीसाधन गाउँमै आउने भएकाले विद्यार्थी अभावका कारण विसं २०६८ मा झण्डै बन्द हुने अवस्थामा आइपुगेको विद्यालय स्थानीयवासी, शिक्षक तथा शिक्षाप्रेमीको सहयोगमा विस्तारै बौरिँदै गयो", प्रधानाध्यापक गौतमले भन्नुभयो, "विसं २०६९ बाटै अङ्ग्रेजी माध्यमबाट अध्यापन गराउन थालियो, प्रयोगशाला, कम्प्युटर कक्षाको व्यवस्था गरियो विस्तारै विद्यार्थी सङ्ख्या बढ्दै गए अहिले विद्यालयमा ३०० विद्यार्थी छन्, जनसङ्ख्याको हिसाबले अहिलेको अवस्थामा विद्यार्थी सङ्ख्या निकै राम्रो हो, अझै बढ्ने देखिन्छ। "कक्षा १ देखि १० सम्म अङ्ग्रेजी माध्यम, कक्षा ११ र १२ अङ्ग्रेजी र नेपाली दुवै माध्यममा अध्यापन गराउन थालिएको छ। यस्तै विसं २०७३ देखि पशु विज्ञानतर्फ कक्षा ९ देखि १२ सम्म अध्यापन भइरहेको विद्यालयले जनाएको छ। पशु प्राविधिक शिक्षाका लागि बागलुङबाहेक म्याग्दी तथा पर्वत जिल्लाबाट समेत अध्यापनका लागि आउने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन शर्माले बताउनुभयो। विद्यालयमा विज्ञान विषयका तीनवटा प्रयोगशाला र कम्प्युटर ल्याबको व्यवस्थासमेत गरिएको छ। "नागरिकको चेतनास्तरमा वृद्धि भएसँगै निजी विद्यालयमा भन्दा राम्रो शिक्षा सामुदायिकै हुने भएकाले निजी विद्यालय छाडेर यस विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ", विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शर्माले भन्नुभयो, "कोमामा पुगेको विद्यालय बौरिएको छ, ३० शिक्षक गुणस्तरीय शिक्षाका लागि खटिएका छन्, निजीमा भन्दा बढी सिकाइका माध्यम यहाँ हुने गरेका छन्।"विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म अङ्ग्रेजी माध्यम, कम्प्युटर शिक्षा, कक्षा ११ र १२ मा शिक्षा र व्यवस्थापन विषय र कक्षा ९ देखि १२ सम्म पशु विज्ञान अध्यापन भइरहेको छ। स्थानीयवासीले दैलोको विद्यालय बन्द हुने अवस्थामा आएको देखेपछि आफैँ जागरुक भएर विद्यालयको शैक्षिक सुधारमा लागेको स्थानीयवासी हिमाल शर्माले बताउनुभयो। उहाँका अनुसार अहिले निजी विद्यालयका विद्यार्थीसमेत यस विद्यालयमा आउने गरेकाले विद्यार्थीको सङ्ख्या क्रमशः बढ्दै गएको छ। बागलुङ बजार नजिकै रहेको उक्त विद्यालयमा भौतिक पूर्वाधारको भने कमी छ। भिरालो जमिनमा रहेको विद्यालयको तारबार गर्न अत्यन्तै आवश्यक देखिएको छ। विद्यालयमा अध्यापन गराउनका लागि अझै पनि कक्षाकोठाको अभाव भइरहेको विद्यालयले जनाएको छ ।रासस

# इस्लाम धर्मावलम्बीले सब्बेबरात पर्व मनाउँदै



**टुडे एक्सप्रेस** / कपिलवस्तु

नेपालसहित विश्वभरका इस्लाम धर्मावलम्बीले शुक्रवार एक साथ सब्बेबरात पर्व मनाइरहेका छन्। यस सब्बेबरात पर्वमा मुस्लिम समुदायका व्यक्तिले दुई दिन रोजा (व्रत) बस्ने गर्दछन्।

मृत्यु भइसकेका पुर्खाको सम्झनामा मुस्लिम समुदायले प्रत्येक वर्ष यो पर्व मनाउने गरेको मौलान मशहुद खान नेपाली बताउनुभयो।

मुस्लिम समुदायले यस पर्वलाई आफ्नो समुदायको पर्वको मुख्यद्वार पनि मान्दै आएका छन्। सब्बेबरात पर्वपछि मुस्लिम समुदायका अन्य पर्व निरन्तररुपमा एकपछि अर्को पर्व आउने भएकाले यस पर्वलाई पर्वको प्रवेशद्वार मानिएको हो। अबका १५ दिनपछि मुस्लिमको एक महिने रमजान पर्व सुरु हुन्छ। त्यसपछि इद, बकर इद आउँछ। गत वर्ष गरेको कामको लेखाजोखा र आउने वर्षका लागि योजना तय गर्ने गरिन्छ।

यस पर्वमा अल्लाहको इबादत नमाज (प्राथना) मुस्लिम ग्रन्थ कुरान वाचन, कब्रिस्तान (चिहान) मा प्रार्थना र गरिब दुःखीलाई दान दिने चलन रहिआएको मुस्लिम आगुवा असलमले जानकारी दिनुभयो ।रासस

# इथियोपियाको अवस्था नाजुक बन्दै : संयुक्त राष्ट्रसंघ




**संयुक्त राष्ट्रसंघ, रासस** / सिन्ह्वा

संयुक्त राष्ट्रसंघले इथियोपियामा मानवीय सहायताको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएको जनाएको छ।

उत्तरी इथियोपियाका नागरिक खाना खान पनि नपाउने अवस्थामा पुगेका संयुक्त राष्ट्रसंघले जनाएको छ। त्यहाा लामो समयदेखि द्वन्द्व जारी रहेको छ।

संयुक्त राष्ट्रसंघीय मानवीय सहायतासम्बन्धी निकाय, ओचाले बिहीबार इथियोपियाको उत्तरी क्षेत्र टिगरेको अवस्था दिन प्रतिदिन बिग्रादै गएकाले आवश्यक सहयोगका लागि विश्व समुदायको ध्यानाकर्षण गराएको हो। सो क्षेत्रमा अहिले पनि ८ लाख भन्दा बढी नागरिकले सहयताको खााचो रहेको बताएका छन्। उनीहरूलाई आधारभूत स्वास्थ्य उपचारदेखि खाद्यान्नकै खााचो रहेको छ।तर पनि दिनमा बढीमा ७ हजार जनालाई मात्र सहयोग दिन सकिएको सो निकायले जनाएको छ। टिगरेमा यहााका द्वन्द्वग्रस्त समूहहरूले संयुक्त राष्ट्रसंघीय समन्वयमा मानवीय सहायता वितरण गर्ने काममा पनि अवरोध उत्पन्न गरिरहेका बताइएको छ।टिगरेबाट मात्र २ लाखभन्दा बढी नागरिक वि्रोहीहरूको हमलाका कारण विस्थापित हुन पुगेका छन् भने यहााका ८ लाखभन्दा बढीलाई सहयोग आवश्यक छ। तर यहाा संयुक्त राष्ट्रसंघ तथा अन्य सहायता एजेन्सीहरूले त्यहाा पुगेर सहायता उपलब्ध गराउन पनि पाएका छैनन्।

## रूसी र टर्कीस राष्ट्रपतिबीच फोनवार्ता



**मस्को, रासस** / सिन्ह्वा

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगानबीचमा फोनवार्ता भएको छ।

बिहीबार भएको सो वार्ताका क्रममा रुस र युक्रेनको द्विपक्षीय सम्बन्धका विविध विषयमा कुराकानी भएको बताइएको छ।दुई देशकाबीचको व्यापार, लगानी तथा अन्य द्विपक्षीय व्यापारिक सम्झौता र सहमतिका बारेमा कुराकानी भएको रुसी सञ्चारमाध्यमहरूले जनाएका छन्।क्रेमलिनले दिएको जानकारीअनुसार उहाँहरूका फोनवर्ताका क्रममा रुस र टर्कीका विदेशमन्त्रीका बीचमा हालै भएका भ्रमण तथा व्यापारिक वार्ताका विषयमा पनि कुराकानी भएका समाचारमा जनाइएको छ।साथै उहाँहरूका बीचमा रुसले युक्रेनमाथि गरिरहेको आक्रमणका बारेमा कुराकानी भएको क्रेमलिनले जानकारी दिएको छ।त्यसक्रममा टर्कीस राष्ट्रपतिले युक्रेनबाट रुसले आफ्ना नागरिकको उद्धार गरी स्वदेश फर्काउनका सहयोग गरेकामा रुसी राष्ट्रपतिलाई धन्यवाद दिनुभएको थियो।रुसले युक्रेनमा सैन्य आक्रमण जारी राखेको छ। रुसले युक्रेनमा गरिरहेको हमला तेस्रो हप्ता भन्दा पनि बढी भएको छ। यी दुई देशबीचमा शान्ति वार्ताको पहल भएको भनिए पनि निकास भने निस्किएको छैन।

## मलेसियामा कोभिड सङ्क्रमित बढ्दै



**मस्को, रासस** / सिन्ह्वा

मलेसियामा कोभिड १९ का सङ्क्रमितहरूको संख्या पछिल्लो समयमा बढ्दै गएको पाइएको छ।यहाँका अधिकारीहरूले दिएको जानकारीअनुसार मलेसियामा गएको २४ घन्टा यतामात्र यहाँका कम्तीमा पनि २७ हजार ४ जना सङ्क्रमित भएका छन्।यी समेत गरी मलेसियामा अहिलेसम्ममा ३९ लाख ७६ हजार जना सङ्क्रमित भएका छन्। त्यस्तै मलेसियाका स्वास्थ्य अधिकारीले यहाँ पछिल्लो २४ घन्टामा मात्र ८६ जना सङ्क्रमितको मृत्यु भएको छ। यो समेत गरी यहाँ अहिलेसम्ममा कोभिडबाट मात्र ३४ हजार १८५ जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन्। पछिल्ला केही हप्ताहरूमा चीन र दक्षिण कोरियामा कोभिडका सङ्क्रमितको संख्या बढ्दै गएको देखिएको छ। एसियाका यी दुई देशसहित मलेसियलामा पनि सङ्क्रमितहरू बढ्दै गएको दखिएको अधिकारीहरूले जनाएका छन्।

## भारतमा कोभिड-१९ सङ्क्रमितको संख्या ४ करोड ३० लाख नाघ्यो



**नयाादिल्ली, रासस** / सिन्ह्वा

भारतको कोभिड-१९ सङ्क्रमितको सङ्ख्या बिहीबार चार करोड ३० लाख नाघेको छ।

पछिल्लो २४ घण्टामा देशभर दुई हजार ५२८ नयाँ सङ्क्रमित थपिएपछि कोरोना कूल सङ्क्रमति चार करोड ३० लाख ४ हजार ५ पुगेको सङ्घीय स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्याङ्कले जनाएको छ। यसबाहेक शुक्तबार बिहानसम्म यस महामारीका कारण १४९ को ज्यान गएपछि कोरोनाका कारण ज्यान गुमाउने कूल संख्या पाँच लाख १६ हजार २८१ पुगेको छ।

भारतमा हाल २९ हजार १८१ कोरोनाका सक्रिय सङ्क्रमित रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।पछिल्लो २४ घण्टामा मात्र एक हजार ६१८ सक्रिय सङ्क्रमित घटेका छन्।कोरोना शुरु भएबाट हालसम्म भारतमा चार करोड २४ लाख ५८ हजार ५४३ सफलतापूर्वक निको भएर अस्पतालबाट डिस्चार्ज भएका छन्।

जसमध्ये पछिल्लो २४ घण्टामा तीन हजार ९९७ कोरोनाबाट मुक्त भएका छन्।

## भलिबलमा चितवनलाई दोहोरो उपाधि



**टुडे एक्सप्रेस** / काठमाडौं

चितवनले प्रथम बागमती प्रदेश खेलकुद प्रतियोगिता अन्तर्गत भलिबलमा बिहीबार दोहोरो उपाधि जितेको छ। चितवनले पुरुष र महिला दुवैतर्फको प्रतिस्पर्धामा उपाधि जितेको हो।बागमती प्रदेश खेलकुद परिषदले आयोजना गरेको खेलकुद प्रतियोगिता अन्तर्गत पुरुषतर्फको फाइनलमा चितवनले सिन्धुलीलाई २५-२, २५-२१, २५-१९ को सेटमा पराजित गऱ्यो।सिन्धुलीका सरोज हायु उत्कृष्ट खेलाडी घोषित भए। स्पाइकरमा नवीन महतो, सेटरमा मञ्जिल गुरुङ, डिफेन्डरमा चिन्तामणि महतो र ब्लकरमा सुमन तामाङ उत्कृष्ट बने। उत्कृष्ट चारै चितवनका हुन्।महिलातर्फको फाइनलमा चितवनले रामेछापलाई २५-१३, २५-१८, २५-११ ले हरायो। चितवनकी आरती सुवेदी उत्कृष्ट खेलाडी बनिन्।स्पाइकरमा रामेछापकी सुनिता गौचन, सेटरमा चितवनकी जोस्ना महतो, डिफेन्डरमा रामेछापकी विमला सुनुवार र ब्लकरमा रामेछापकी प्रेममाया तामाङ उत्कृष्ट ठहरिए।विजेतालाई बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे, बागमती प्रदेश खेलकुद परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। चारदिने प्रतियोगिताको पुरुष-महिलामा समान १२ टिम सहभागी थिए।यसैगरी पुरुष फुटबलमा दोलखा र ललितपुर सेमीफाइनलमा पुगे। दोलखाले भक्तपुरलाई ३-१ गोलले पराजित गऱ्यो। दोलखाका लागि मिलन श्रेष्ठ, धीरज खत्री र रमेश भट्टराईले गोल गरे। सेमीफाइनलमा दोलखाको भेट मकवानपुरसँग हुनेछ।ललितपुरले रामेछापलाई टाइब्रेकरमा ४-१ गोलले हरायो। निर्धारित समयको खेल १-१ बराबरीमा सकिएको थियो। सेमीफाइनलमा ललितपुरले धादिङको सामना गर्नेछ।पुरुष क्रिकेटमा ललितपुर र काभ्रेले सफलता पाए। ललितपुरले दोलखालाई सुपर ओभरमा पाखा लगायो भने काभ्रेले सिन्धुपाल्चोकलाई ९ विकेटले पन्छायो।

## अरुणा र धिरेन महिला बिच भलिबलको सद्भावना दूत




**टुडे एक्सप्रेस** / काठमाडौं

पाल्पाको तानसेनस्थित रानीमहलमा २४ देखि २६ चैतसम्म आयोजना हुने सञ्जय मेमोरियल राष्ट्रिय महिला बिच भलिबल प्रतियोगिताको सद्भावना दूतमा राष्ट्रिय महिला भलिबल टिमकी कप्तान अरुणा शाही र कलाकार धिरेन शाक्य नियुक्त भएका छन्। आयोजक सञ्जय मेमोरियल फाउन्डेसनले बिहीबार विज्ञप्ति जारी गर्दै अरुणा र धिरेनलाई सद्भावना दूत नियुक्त गरेको जानकारी दिएको छ।राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा ख्याति कमाउन सफल शाही र शाक्यको सद्भावना दूतमा नियुक्तिले प्रतियोगिता सफल बनाउन सहयोग पुग्ने आयोजकले जनाएको छ।प्रतियोगिताका लागि पूर्व गभर्नर चिरञ्जीवि नेपालको संरक्षकत्वमा २३ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ।नेपाल भलिबल संघसँगको सहकार्यमा हुन लागेको प्रतियोगितामा तीन विभागीय टिम र सात प्रदेशका टिमले प्रतिस्पर्धा गर्नेछन्।बिच भलिबलको माध्यमबाट पाल्पाको रानीमहलको पर्यटन प्रवर्द्धन र विकास गर्ने उद्देश्य राखिएको आयोजक सञ्जय मेमोरियल फाउन्डेसनले जनाएको छ।

## एन्फाको विशेष साधारण सभा चैत १५ मा, जिल्ला संघको चुनाव वैशाखमा




**टुडे एक्सप्रेस** / काठमाडौं

अखिल नेपाल फुटबल संघ (एन्फा) को विशेष साधारण सभा यही चैत १५ गते हुने भएको छ।

दुई दिनसम्म चलेर बिहीबार सम्पन्न एन्फाको १८औं कार्यसमिति बैठकले निर्वाचन निर्देशिका परिमार्जन गरी चैत १५ गते विशेष साधारण सभा गर्ने निर्णय गरेको हो।यसअघि फागुन ८ गते तय गरिएको विशेष साधारण सभा प्राविधिक कारण देखाएर दुई पटक स्थगित भएको थियो। एन्फाको बैठकले संघको निर्वाचन कार्यतालिका अनुमोदन पनि गरेको छ। एन्फाको निर्वाचन यसअघि नै २०७९ जेठ १५ गतेलाई तोकिएको छ।त्यसैगरी जिल्ला फुटबल संघको निर्वाचन २०७९ वैशाख १ देखि १० गतेसम्म गर्ने निर्णय गरेको छ।यसअघि फागुन १५ देखि ३० गतेसम्मका लागि जिल्ला फुटबल संघको निर्वाचन तय गरिएको थियो।

तर एन्फाको १७औं कार्यसमिति बैठकले निर्वाचन नियमावली तयार नभएको भन्दै अनिश्चितकालका लागि जिल्ला निर्वाचन स्थगित गरेको थियो।

छापावाल सुन प्रति तोला रु.९३,७००/-
तेजावी सुन प्रति तोला रु.९३,२००/-
चाँदी प्रति तोला रु.१,२६०/-

# रघुगङ्गामा सामूहिक आलुखेती विस्तार



**टुडे एक्सप्रेस** / बेनी

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा सामूहिक आलुखेती विस्तार गरिएको छ। रघुगङ्गाको वडा नं १ बेग, वडा नं २ भगवती, वडा नं ५ झिँ, वडा नं ६ पाखापानी र वडा नं ८ कुइनेमङ्गलेका कृषक समूहलाई अनुदानमा बीउ, मल र प्राविधिक सहयोगमा सामूहिक आलुखेती विस्तार गरिएको छ ।हरेक कृषक समूहले कम्तीमा २०० रोपनी जग्गामा लगाउने सम्झौतासहित पाँच ब्लक बनाएर गाउँपालिकाबाट सामूहिक आलुखेती कार्यक्रमलाई कार्यान्वयन गरिएको कृषि शाखा संयोजक सविना शर्माले जानकारी दिनुभयो। गाउँपालिकाको रु ३० लाख र कृषक समूहबाट रु ३० लाख बराबरको श्रमदानसहित रु ६० लाख लागत अनुमानको बजेटबाट रघुगङ्गामा आलुखेती लगाउने अभियान सञ्चालन गरिएको छ ।सामूहिक आलुखेतीलाई प्रभावकारी बनाउन एक ब्लकमा रु १२ लाखको कार्यक्रमअन्तर्गत गाउँपालिकाको रु छ लाख र कृषक समूहको रु छ लाखसहितको योजनाअनुसार आलु ब्लक कार्यान्वयन गरिएको कृषि शाखाले जनाएको छ ।निर्वाहमुखी कृषिका माध्यमबाट उत्पादन गर्दै आएको आलुखेतीलाई थप व्यवस्थित बनाउँदै व्यावसायिकरुपमा अघि बढाउन आलु ब्लक खेती विस्तार गरिएको कृषि शाखा संयोजक शर्माले बताउनुभयो। उक्त कार्यक्रमअन्तर्गत रघुगङ्गा-२ रिसिन चौतारीस्थित बरखर्क कृषि समूहमा आबद्ध २४ कृषकले सामूहिकरुपमा २०० रोपनी जग्गामा आलुखेती गरेका छन्। समूहमा आबद्ध सदस्यले सामूहिकरुपमा खेती लगाएका हुन्। गाउँमा निर्वाहमुखी खेतीमा सीमित रहेको जमिनलाई भाडामा लिएर गाउँपालिकाबाट मिनिटेलर र प्राविधिक सहयोगमा कृषक समूहको सक्रियतामा २०० रोपनी जग्गामा आलु विस्तार गरिएको बरखर्क कृषक समूहकी कोषाध्यक्ष देवी कटुवालले बताउनभयो। “कृषक समूहबाट ६५ रोपनीमा र समूहमा आबद्ध कृषकले व्यक्तिगतरुपमा १३५ रोपनी जग्गामा आलु लगाएका छौँ, यसले यस क्षेत्रलाई आलु पकेट क्षेत्रको रुपमा विकास गर्न सघाउने विश्वास लिएका छौँ”, उहाँले भन्नुभयो ।रासस

# आर्ग्यनिक तरकारी खेतीमा आकर्षित हुँदै किसान



**टुडे एक्सप्रेस** / भोजपुर

जिल्लाका किसान अर्ग्यानिक तरकारी उत्पादनमा लागेका छन्। मानव स्वास्थ्यलाई ध्यानमा राख्दै विषादीरहित तरकारी उत्पादन गर्ने उद्देश्यले उनीहरू तरकारी खेतीमा लागेका हुन् ।बजारमा तराईलगायत बाहिरी जिल्लाबाट आउने विषादियुक्त तरकारीको आयात बढेपछि किसानले अर्ग्यानिक तरकारी उत्पादनमा जोड दिएका छन्। स्याउला तथा गाई-गोरुको मलमूत्रबाट तयार गरिएको कम्पोस्ट मलको प्रयोग गरी मौसमी तथा बेमौसमी तरकारी लगाउन उत्पादन गर्ने लक्ष्य रहेको अरुण गाउँपालिकाका कृषक शान्तिकुमार कार्कीले जानकारी दिनुभयो ।कृषि ज्ञान केन्द्रको आर्थिक तथा प्रविधिक सहयोगमा अरुण गाउँपालिकाका २१ परिवारमा अर्ग्यानिक खेती गरिरहेका छन्।

उहाँले भन्नुभयो, “हामीले २१ आधुनिक टनेल निर्माण गरेर अर्ग्यानिक खेती थालेका छौँ। हामीलाई केन्द्रबाट आर्थिक र प्राविधिक सहयोग मिलेको छ। बजारमा देखिएको अर्ग्यानिक तरकारीको मागलाई पूरा गर्ने गरी खेती गरेका छौँ।”किसानले तरकारीलाई विभिन्न किसिमका रोगबाट बचाउन गाई, गोरु तथा पशुको मूत्रलाई विषादिको रूपमा प्रयोग गर्ने गरेका छन्। कम्पोस्ट मल खेतबारीमा हाल्दा उत्पादन पनि राम्रो हुने भएकाले यहाँका किसान पोलिहाउस तथा स्याउला सोत्तर कुहाएर कम्पोस्ट मल तयार पारी तरकारी बारीमा हाल्ने गरेको कृषक उहाँले बताउनुभयो। मानिसको स्वास्थ्यलाई कुनै असर नपार्ने भएकाले आलु, टमाटर, मुलालगायत अन्य तरकारी उत्पादनमा समेत कम्पोस्ट मल प्रयोग गर्न थालेका हुन्। विषादीको प्रयोगले गर्भवती महिला, बालबालिका र अन्यको स्वास्थ्यमा प्रतिकूल असर पार्ने भएपछि उनीहरू अर्ग्यानिक तरकारी खेतीतर्फ उन्मुख भएका हुन् ।तरकारीलाई विभिन्न किसिमका रोगबाट बचाउन कृषकले गाईगोरु तथा पशुको मूत्रलाई विषादिका रूपमा प्रयोग गर्छन्। उत्पादन बढाउन कम्पोस्ट र प्राङ्गरिक मलको प्रयोग बढी रहेको कृषक बताउँछन्। तरकारी उत्पादनका लागि उपयुक्त हावापानी भएकाले प्राङ्गरिक खेती प्रवर्द्धन अभियान कार्यक्रमअन्तर्गत खेतीको थालनी भएको हो ।रु १० लाख लागतमा दुईवटा कलस्टर बनाएर प्याउली र सिमटारमाका कृषक समूहमा परीक्षणको रूपमा थालनी गरिएको ज्ञान केन्द्र भोजपुरले जनाएको छ। रासायनिक मलको प्रयोगले माटोको उत्पादकत्व क्षमता घट्दै गइरहेको र विषादिको प्रयोगले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेकाले अर्ग्यानिक तरकारी उत्पादन गर्ने कार्यालयले लक्ष्य लिएको छ।

केन्द्रका प्रमुख योगेन्द्रप्रसाद यादवले भन्नुभयो, “हामीले किसानलाई आधुनिक कृषि प्रणालीमा जोडिरहेका छौँ। अर्ग्यानिक खेतीलाई प्रवर्द्धन गर्नका लागि जिल्लामा पहिलोपटक कार्यालय र किसानको साझेदारीमा खेतीको थालनी गरेका छौँ। यसले बजारमा रहेको अर्ग्यानिक खाद्य बालीको मागलाई केही हदसम्मका पूरा गर्नेमा हामी ढुक्क छौँ।”रासस

# विद्यालयमा खाजाको पात्रो, नियमित हुन थाले विद्यार्थी



**टुडे एक्सप्रेस** / बलेवा

यहाँस्थित विभिन्न सामुदायिक विद्यालयमा सञ्चालन भएको दिवा खाजा कार्यक्रमका कारण पछिल्लो समय विद्यार्थीको चाप बढ्दै गएको छ। खाजा उपलब्ध गराएपछि विद्यार्थी खुसी छन्। त्यसमाथि पनि कुन बार के खाजा खाने भन्ने विषयमा विद्यालयले बनाएको तालिकाले विद्यार्थीलाई थप आकर्षित बनाएको छ। बागलुङ नगरपालिका-८ को बौंडेचउर माविको कक्षा ४ मा अध्ययनरत काजल काउचाले अभिभावकलाई समेत आजको खाजा के हुन्छ भन्ने जानकारी गराएर विद्यालय जानुहुन्छ। काठेखोला गाउँपालिका-७ को रेशगाउँबाट आउँदा डेढ घण्टा बाटो हिँडेर विद्यालय पुग्ने काउचालाई खाजाले विद्यालय जाऔँ जाऔँ बनाउने गरेको छ।

बिहान ८ बजे नै खाना खाएर आउने काजल दिउँसै भोकाउनुहुन्छ। दिउँसोको खाजा खाने खर्च नहुँदा दिउँसो १ बजे नै घर फर्किने गर्नुभएकी काजल आजभोलि साँझ ५ बजे मात्रै घर पुग्नुहुन्छ। कारण विद्यालयमा नै उहाँको रुचिअनुसारकै खाजा खान पाइन्छ। सबै समय पढेर घर फर्किंदा पनि उहाँले भोकाउनु पर्दैन। यसअघि उहाँको पढाइ राम्रो चलेको थिएन। उहाँ मात्र हैन कक्षा ५ मा पढ्ने बिराज परियारको समस्या पनि उस्तै हो। पैसा तिरेर खाजा खाने क्षमता नभएपछि भोकभोकै पढ्न बाध्य हुनुहुन्थ्यो। भोकभोकै पढ्न नसक्दा धेरै बालबालिकाले बीचैमा पढाइ छाड्ने समस्या थियो।

यो समस्या चालु शैक्षिक वर्षदेखि घटेको छ। शिक्षा मन्त्रालयले पोषण भत्तास्वरुप मासिक रु ४५० दिन थालेको छ। उक्त पैसाबाट अभिभावकलाई अन्न वा खाजाका लागि चाहिने सामग्री खरिद गरेर दिइन्छ। त्यसपछि बालबालिकाले घरमै खाजा बनाएर ल्याउने गरेका छन्। दिउँसो खाजा खाएर उनीहरू विद्यालय समयभर बस्न थालेको प्रधानाध्यापक दीनानाथ गौतमले बताउनुभयो। ‘यहाँ अधिकांश समय चिसो हुन्छ, त्यसमाथि बिहानै ८ बजे खाना आएर हिँडेका बालबालिका दिउँसै भोकाउँछन्, त्यसैले उनीहरूलाई खाजा चाहिएको थियो”, उहाँले भन्नुभयो, “यस्तो खाजाको व्यवस्था गरेपछि मात्रै सातौँ पिरियडसम्म बालबालिका बस्न थालेका छन्।” विद्यालयले साताको ६ दिनसम्म कुन बार कुन खाजा खाने भन्ने क्यालेन्डरसमेत बनाएको उहाँले बताउनुभयो। यसरी खाजाको पात्रो बनाउँदा एकरुपता भएको शिक्षक रुद्रप्रसाद जोशीले बताउनुभयो। “कसैले मीठो, कसैको नमीठो भन्ने पनि भएन, एकै प्रकारको खाजा आएपछि सबैले रमाएर खान्छन्,” उहाँले भन्नुभयो, “अहिले बालबालिका नियमित गर्न पनि सजिलो भएको छ।” अभिभावकलाई नगद दिँदा खर्च गरेर सक्ने भएकाले विद्यालयले खाजाको सामान खरिद गरेर बाँडेर दिने गरेको हो। यो पद्धतिले अभिभावकले जथाभावी खर्च गर्न पनि नपाएको उहाँले अनुभव सुनाउनुभयो। विद्यालयले सबै बालबालिकाको घरमा आइतबारदेखि शुक्रबारसम्म खाने खाजाको पात्रो बाँडेको छ। आइतबार तरकारी र अण्डा, सोमबार हलुवा, मङ्गलबार रोटी र तरकारीको खाजा व्यवस्था भएको हो। त्यस्तै बुधबार मकै र भटमास, बिहीबार चना तथा शुक्रबार रोटीतरकारी खाजा खुवाउने गरिएको हो। दिउँसो १:३० देखि २ बजेको समय खाजाको `बढी तोकिएको गौतमले बताउनुभयो। यो समय बालबालिकाहरू मिलेर खाजा खाने गरेका छन्। खाजाले बालबालिकालाई मिलेर खाने बानीको समेत विकास गरेको उहाँले बताउनुभयो। केही समयअघि स्थानीय होमस्टेलाई खाजा बनाउने जिम्मा दिइएको थियो। तर कोरोना सङ्क्रमणका कारण हरेकले आफ्नै घरबाट खाजा बनाएर ल्याउने नियम चलेको हो ।रासस

# ङावोल र घ्यारू जोड्ने पुलको निर्माणको काम अलपत्र

**टुडे एक्सप्रेस** / मनाङ

हिमाली जिल्ला मनाङमा पुलको निर्माणकार्य नसकिँदै अलपत्र परेको छ। सदरमुकाम चामेबाट माथिल्लो मनाङतर्फ सडकसँगै थालिएका पुलको निर्माण नसकिँदै अलपत्र परेको हो। हुम्डे विमानस्थल नजिकैबाट ङावल जान मर्स्याङ्दी नदीमाथि ‘स्टिल गर्डर ब्रिज’ निर्माणका लागि ग्वाला-क्याराभान जेभी काठमाडौँले २०७५ मङ्सिर १५ मा सक्ने गरी पुल निर्माण सम्झौता गरेको थियो ।म्याद सकिएको तीन वर्ष बितिसक्दा पनि पुलको निर्माण भने अझै सम्पन्न भएको छैन। यो पुल निर्माणाधीन अवस्थामा २०७६ असार २५ मा खसेको थियो।

मनाङ डिस्याङ गाउँपालिका-३ ङावलका वडाध्यक्ष कृष्ण लामाका अनुसार पुल निर्माण थालेको पाँच वर्ष कटिसकेको छ। डेढ वर्षमा सक्नुपर्ने पुलको काम अहिलेसम्म पनि सम्पन्न नभएको वडाध्यक्ष लामा बताउनुहुन्छ ।गत असार पहिलो साता मर्स्याङ्दीमा आएको बाढीले छेउको जग बगाउँदा पुल कोल्टिँदा जोखिमपूर्ण रुपबाट स्थानीयले हिँड्नुपर्ने बाध्यता रहेको छ।

उक्त पुल बन्ने हो भने १० मिनेटमै गाउँ पुग्न सकिन्छ तर पुल बनाउने भनी निर्माण थालेर अलपत्र अवस्थामा छाड्दा यहाँका बासिन्दा निराश बनेका छन्। निर्माणाधीन



अवस्थामा रहेको पुल नखस्दै तथा बाङ्गिएको समयमा निर्माण कम्पनीलाई पुल खस्न लाग्यो भनेर खबर गरे पनि अटेरी गर्दा पुल सबै मर्स्याङ्दीमा खसेको बताइएको छ ।भाँचिएर खसेको पुल सोझो बनाइनुका साथै स्टिल जडान गरिएका छन् तर, डेढ वर्षअघिदेखि उक्त पुलको निर्माण सम्पन्नतर्फ अघि नबढेको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर प्रह्लाद लामिछानेले बताउनुभयो। पुल निर्माणका लागि यही चैत ३० सम्म म्याद थपिएको उहाँले जानकारी दिनुभयो। इन्जिनियर लामिछाने भन्नुहुन्छ, “चैत ३० भित्र पुल निर्माणकार्य नसकिए कारबाही गर्छौं भनेर पत्र पठाएका छौँ, कन्ट्याक्टरले असार मसान्तसम्म सकेर ह्यान्डओभर (हस्तान्तरण) गर्ने पत्र पठाएको छ।”मनाङ डिस्याङ गाउँपालिकाको वडा नं ४ र ३ जोड्न निर्माणाधीन ‘स्टिल गर्डर ब्रिज’ को स्टिलका सबै ‘मेम्बर’ जोडेर चार वटा मात्रै बाँकी छँदा पुल मर्स्याङ्दीमा खसेको थियो। ठेकेदार कम्पनीले भ्याटबाहेक रु चार करोड ५१ हजारमा पुल बनाउने जिम्मा लिएको हो। पैतीस मिटर लम्बाइ र साढे चार मिटर चौडाइको पुल खस्दा कम्तीमा रु ६० लाख क्षति पुगेको अनुमान गरिएको थियो ।पुल समयमै निर्माण नगर्दा पुल मर्स्याङ्दीमा खसेको गाउँपालिकाका अध्यक्ष कान्छा घलेले बताउनुभयो। निर्माण कम्पनीले भने चिसो, हिमपात, कोभिडलगायत कारण देखाउँदै आएको छ। पुल निर्माणकार्य अलत्रि देखिएपछि ध्यानाकर्षण गराइएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो। नेपाली सेनाले २०६९ सालमा बेँसीसहर-चामे सडकको ट्र्याक खोलेपछि माथिल्लो मनाङमा पनि सडक र पुल निर्माण थालिएको थियो ।रासस

# अत्यावश्यक परेकालाई तुरुन्तै राष्ट्रिय परिचयपत्र




**टुडे एक्सप्रेस** / त्रिशूली

जिल्ला प्रशासन कार्यालय नुवाकोटले अत्यावश्यक परेका नागरिकका लागि राष्ट्रिय परिचयपत्र तुरुन्तै दर्ता गर्ने भएको छ।

हाल राष्ट्रिय परिचयपत्र बनाउन नाम दर्ता गर्न आउनेको पालो असार पहिलो साता पुगेको सन्दर्भमा अत्यावश्यक परेका व्यक्तिको हकमा तुरुन्तै नाम दर्ता गरिने सहायक प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालले जानकारी दिनुभयो।

उहाँका अनुसार नियमित प्रक्रियाअन्तर्गत हाल नाम दर्ता गर्नेको पालो असार पहिलो साता आउने भए पनि अत्यावश्यक परेको हो भन्ने कागजात पेश गरेमा सोही दिन सेवा दिने निर्णय गरिएको छ।"राष्ट्रिय परिचयपत्र बनाउन पालो प्रणालीअनुसार सेवा प्रदान गरिँदै आएकामा दर्ता स्टेशन एकबाट बढाई दुई बनाइएकाले पालो प्रणालीको टोकन लिएर तोकिएको मितिको पर्खाइमा रहेका तर, अति जरुरी परेका सेवाग्राहीको लागि यही चैत ६ गतेदेखि आएको दिनमा नै सेवा उपलब्ध गराइने छ", प्रशासनले जारी गरेको सूचनामा भनिएको छ।अत्यावश्यक हो/होइन भनेर पहिचानको मापदण्ड स्वास्थ्य उपचार, वैदेशिक यात्राका लागि भिसा स्वीकृति, कुनै प्रतियोगिता, सेमिनार, गोष्ठीलगायतमा सहभागी हुन सम्बन्धित निकायबाट सिफारिस गरिएको तथा निमन्त्रणा आएको लगायतलाई आधार मानेर उक्त विषयसँग सम्बन्धित आवश्यक कागजात पेश गर्नुपर्ने प्रशासन कार्यालयले जनाएको छ।हाल चलनचल्तीमा रहेको मेसिन रिडेबल पासपोर्ट ९एमआरपी०लाई प्रतिस्थापन गर्दै विद्युतीय राहदानी अनिवार्य गरेसँगै त्यसका लागि राष्ट्रिय परिचयपत्रमा नाम दर्ता भएको हुनुपर्ने अनिवार्य गरिएको छ।

# सुदूरपश्चिमका अस्पताल व्यवस्थापन समितिमा अध्यक्ष नियुक्त




**टुडे एक्सप्रेस** / कञ्चनपुर

सुदूरपश्चिमका विभिन्न अस्पतालमा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष नियुक्त गरिएको छ।

महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समितिको अध्यक्षमा कृष्णनन्द भट्टलाई नियुक्त गरिएको छ। सुदूरपश्चिम प्रदेश सरकारको मन्त्रिस्तरीय निर्णयबाट भट्टलाई अध्यक्ष पदमा नियुक्त गरिएको हो। अस्पताल व्यवस्थापन समितिको सदस्यमा वीरेन्द्र भट्ट र रघुविर धामी छन्।

सुदूरपश्चिम प्रदेशका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री पूर्ण जोशीका अनुसार सेती प्रादेशिक अस्पतालको अध्यक्षमा नरबहादुर शाह (निर्मल) र टीकापुर अस्पतालमा झपटबहादुर सोडारीलाई नियुक्त गरिएको छ।यसैगरी अछाम जिल्ला अस्पतालमा शिव बोगटी, बाजुरा अस्पतालको अध्यक्षमा मानबहादुर कार्की, बझाङ अस्पतालमा सुनबहादुर सिंह, दार्चुलामा दीपक जोशी र बैतडी जिल्ला अस्पतालको अध्यक्षमा पार्वती भट्टलाई नियुक्त गरिएको छ।

प्रदेश मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सुदूरपश्चिमको डोटी अस्पतालबाहेक सबै अस्पतालमा व्यवस्थापन समिति चयन गरेको छ।रासस

# तनहुँ कारागारमा महिला कैदीबन्दी राख्न सुरु

**टुडे एक्सप्रेस** / दमौली



तनहुँ कारागारमा निर्माण गरिएको महिला बन्दीगृहमा महिला कैदीबन्दी राख्न थालिएको छ। कारागारमा महिला बन्दीगृह निर्माण सकिएपछि औपचारिक रुपमा महिला कैदीबन्दी राख्न थालिएको हो। महिला बन्दीगृहमा १२ महिला रहेको कारागारका सूचना अधिकारी नारायण अधिकारीले जानकारी दिनुभयो।

कास्की कारागारबाट ११ महिला कैदीबन्दी तनहुँ ल्याइएको छ। तनहुँ ठेगाना भएका ती महिलालाई कास्कीबाट यहाँ स्थानान्तरण गरिएको अधिकारीले बताउनुभयो। "महिला बन्दीगृह नहुँदा तनहुँबाट कास्की पठाइएका उनीहरूलाई पुनः यहीँ पठाइएको छ", उहाँले भन्नुभयो। त्यसमध्ये दुई थुनुवा र नौ कैदीबन्दी रहेको अधिकारीले जानकारी दिनुभयो। तनहुँ अदालतबाट पनि एक महिलालाई पुर्पक्षका लागि थुनामा पठाइएको छ। ती महिलालाई पनि महिला बन्दीगृहमै राखिएको अधिकारीले बताउनुभयो। तनहुँमा निर्माण गरिएको महिला बन्दीगृहमा २० जना राख्न मिल्ने क्षमता छ। महिला बन्दीगृह नहुँदा कैदीबन्दीलाई पोखरा वा अन्यत्रै पठाउनुपर्ने बाध्यता रहेकामा अब उक्त बाध्यता अन्त्य भएको छ। कारागारको पुरानो कार्यालय भवन र सुरक्षा ब्यारेकलाई मर्मत र कम्पाउण्ड गरी महिला बन्दीगृह सञ्चालन गरिएको हो। कारागारमा नयाँ भवन निर्माण भएपछि पुराना भवनलाई महिला बन्दीगृह बनाइएको हो। गत आर्थिक वर्षमा पूर्वाधार विकास कार्यालयमार्फत रु २० लाख बजेटको काम भए पनि बजेट अपुग हुँदा चालु आर्थिक वर्षमा कारागार व्यवस्थापनले रु २० लाख बजेट विनियोजन गरेको थियो।रासस

# चेपाङ संघको राष्ट्रिय महाधिवेशन सुरु




**टुडे एक्सप्रेस** / चितवन

नेपाल चेपाङ सङ्घको पाँचौँ राष्ट्रिय महाधिवेशन यहाँ सुरु भएको छ। महाधिवेशनको बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले उद्घाटन गर्नुभएको हो।मुख्यरुपमा बागमती प्रदेशमा सीमान्तकृत यस समुदायको बसोबास रहेको छ।

मुख्यमन्त्री पाण्डेले यो समुदायको उत्थानमा लाग्नुपर्ने बताउनुभयो। सङ्घ, प्रदेश र स्थानीय निकायले चेपाङका समस्या पहिचान गरी समाधानतर्फ जानुपर्नेमा उहाँको जोड थियो। कार्यक्रममा सङ्घका अध्यक्ष जीतेन्द्र चेपाङले आफ्ना समस्याका बारेमा प्रकाश पार्नुभएको थियो। महाधिवेशन बन्दसत्र आज चल्दै छ। बन्दसत्रले ३५ सदस्यीय नयाँ कार्यसमिति चयन गर्ने छ। विधानअनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष र कोषाध्यक्ष एक/एक तथा सचिव दुई जना गरी सात सदस्यीय पदाधिकारी चयन हुनेछ।महाधिवेशनमा चितवन, मकवानपुर, धादिङ, गोरखा, तनहुँ र लमजुङका २५७ प्रतिनिधि सहभागी भएको आयोजकले जनाएको छ। सङ्घका बागमती प्रदेश सचिव लक्ष्मण चेपाङका अनुसार नेपालमा चेपाङको जनसङ्ख्या ६८ हजार रहेको छ।

पहाडी क्षेत्रमा बसोबास गर्ने उनीहरू धेरैको आफ्नै लालपुर्जा छैन। भूमिहीन धेरै रहेको भन्दै उहाँले धेरै समस्याबाट गुज्रिएको बताउनुभयो।रासस




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, ललितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर